# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनलाई नभई नहुने महत्वपूर्ण पक्ष हो, सामान्य अर्थमा शिक्षा भनेको ज्ञान आर्जन गर्नु हो भन्ने बुझिन्छ । शिक्षाको शुरुवात मानव जन्म सँग भएको मानिन्छ । शिक्षाद्वारा मानिसले आफ्नो समग्र जीवनको विकासगरी आफ्नो रहन सहन, बानी व्यावहारमा परिवर्तन गर्ने गर्दछ । शिक्षालाई सिकाइको रुपमा लिइने गरिन्छ । शिक्षा जीवन पर्यन्त र निरन्तर रुपमा चलिरहने प्रक्रिया हो भनिन्छ । "शिक्षा कोक्रोबाट शुरुभई चितामा अन्त्य हुन्छ" शिक्षा जोनलकले "वोट विरुवारुको विकास गोडमेलाद्वारा हुन्छ भने मानिसको विकास शिक्षाद्वारा हुन्छ ।" भनी भनेका छन् भने अरस्तुले "शिक्षाको कार्य स्वस्थ शरीरमा स्वस्थ मनको निमार्ण गर्नु शिक्षाको कार्य हो भनी भनेका छन् । रुफ्रिन (ruffrin) का विचारमा "शिक्षक एउटा मैनबत्ती जस्तै हुनु जो आफू बलेर अरुलाई उज्यालो दिन्छ" । जोन डिवेले "व्यक्तिमा आफ्नो वातावरणलाई नियन्त्रण गरी आफ्ना सम्भावनाहरुलाई पूरा गर्न सक्ने क्षमताहरुको विकास गराउन नै शिक्षा हो ।" भनेका छन् भने यसै गरि बटलरले "मानव जातिको आध्यात्मिक प्राप्तिमा व्यक्तिको क्रमिक समायोजन नै शिक्षा हो" भनेका छन् भने प्लेटोले "शिक्षाले वालकको शरीर र आत्मामा रहेको त्यो सबै सौन्दर्य पूर्णताको विकास गराउदछ जस उसमा क्षमता हुन्छ" । त्यस्तै भगवान गीताको अनुसार "पृथ्वीमा ज्ञान (शिक्षा) भन्दा शुद्ध चीज अरु केही छैन" (श्रेष्ठ र बराल, २०६७) ।

शिक्षाको विकासको क्रममा प्रचिन मिश्रका शासकले दैविक शक्तिको रुपमा मान्ने र शिक्षालाई शासन चलाउने माध्यमको रुपमा प्रयोग गर्ने गर्दथे । चाइनिज सम्राट Laotuzu ले शिक्षाको प्रयोगमा सुधार गरी Taoism पद्धतिको विकास गरे । त्यस्तै गरि प्लेटोले समाजलाई विभिन्न वर्गमा वाँडी आदर्श राज्यको परिकल्पना गर्नु, Herbert Spencer ले शिक्षामा वैज्ञानिक चिन्तन दिनु, सुकरताले "socratic method or dialectic method" को प्रतिपादन गर्नु, इमान एलिचले "Deschooling society" को धारणा दिनु रेमरले"The school is dead" को धारणा ल्याउनु, UNESCO ले "learning to be" जस्ता धारणा अगाडि सार्नु जस्ता कार्यले शिक्षाको विकास विस्तार र यसलाई विधाको रुपमा विकास र

विस्तार गर्न ठूलो सघाउ पुग्यो । यसै गरी ओरावे, अग्रष्टकोष्ट, मिल्टन, बल्टर रुसो, जोन डिवे, मन्टेश्वरी, माओ, गान्धी, इमाइल दुर्खिम, कार्ल मार्क्स जस्ता अनेकौ दाशनिक तथा शिक्षाविदहरुले शिक्षालाई विकास र विस्तार गर्न ठूलो गुन लगाए । (शर्मा, २०६६)

पृथ्वीनारायण शाहले नेपालको एकीकरण शुरु हुनु भन्दा पहिले स्वदेश मै आधारित प्रणालीद्वारा कार्य गरिन्थ्यो । प्राचिन कालमा माछापालन, खेती पशुपालन तथा अन्य व्यवसायमा आधारित थियो । गुरुकुल शिक्षा पदतिको प्रचलनमा थियो । त्यस्तै नेपालको प्रचिन शिक्षा प्रणाली संस्कृत शिक्षाबाट संचालित भएको मानिन्छ । वेद दर्शन अनिषद, ज्योतिष, साहित्य, संहिता पुराण कर्मकाण्ड, धर्मशास्त्र व्याकरण, काव्य यज्ञ, आदि शक्तिको रुपमा संस्कृत शिक्षा दिइन्थ्यो । त्यसै गरि १९१० मा जंगबहादुरले दरवार स्कूलको स्थापना गरे ता पनि गाँउघरमा पिढी शिक्षानै प्रचलित मानिन्थ्यो । धीर शमशेरले वि. स. १९३४ मा रानीपोखरी पाठशाला र रिडी विष्णुपञ्जरमा पाठशालाको औपचारिक थालनी भने वि. स. १९३४ मा तत्कालिन प्रधानमन्त्री रणोद्रीप सिहको पालामा भएको थियो । त्यहाँ वेद, व्याकरण, काव्य, ज्योतिषशास्त्र पढाइन्थ्यो ।पछि वि. सं १९४१ म संस्कृत शिक्षाका साथै अंकगणित, विज्ञान सामाजिक विषय पनि थपियो । त्यस्तै वि.सं १९५७ मा मेडिकल स्कूलको स्थापना विर शमशेरले गरेका थिए । त्यस्तै गरि वि. स. २००४ सालमा प्राविधिक सीप र तालिमको व्यवस्थाका लागि रेञ्जर तथा फरेष्टर तालीम केन्द्र खादी विद्यालय जेल तालिम केन्द्र घरेलु इलम, धर्माश्रम र पशु चिकिस्त्रलय आदीको स्थापना गरेको पाइन्छ ।

शिक्षाको विकास क्रमलाई हेर्दै जाने हो भने वि. स. १९९० मा नेपालमा नै एस. एल. सि. बोर्डको स्थापना भए पछि अंग्र.जी शिक्षाको म्याट्रिकसको जाँच दिन पाउने व्यवस्था नेपालमै भयो । पदम शमशेरले २००४ सालदेखि पहाडी र तराईमा गरी ३०-४० आधार पाठशाला स्थापन गरे । “माहात्मा गान्धीको शिक्षा दर्शनमा आधारित यो वुनियादी शिक्षामा कराई, बुनाई काठकला, वागवनी एवं कृषिमा जोड दिन्थ्यो भाषा, गणित, शारिरीक शिक्षा, इतिहास, भूगोल, स्वास्थ्य शिक्षा पनि अध्ययन अध्यापन गरिन्थ्यो” (शर्मा, २०६०) ।

शिक्षाको विकासको क्रममा २००७ साल फागुन ७ गते प्रजातन्त्रको प्रादुभावभए पछि जनतामा शिक्षा प्रतिको उत्साहको लहर स्वरुप जताततै विद्यालय खोलिए। कति विद्यालय खोल्ने ? कस्तो विद्यालय खोल्ने ? कहाँ विद्यालय खोल्ने ? कसरी सञ्चालन गर्ने ?पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्थाको लागि वि. स. २००९ सालमा गठन भएको

शिक्षाबोर्डको सिफारिस अनुसार २०१० चैत्र ९ गते सददार रुदराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन गरियो । शिक्षालाई व्यापक बनाउने उदेश्य सहित वि. स. २०११ मा 'नेपाल शिक्षा' नामक प्रतिवेदन प्रकाशनमा ल्यायो। त्यस आयोगबाट औपचारिक रुपमा शिक्षा सुरु भयो । शिक्षामा मूलभूत आवश्यकता परिपूर्ति गर्न नसक्ने भएको कारणले गर्दा २०२८ मा राष्ट्रिय शिक्षा ऐन त्याइयो । त्यस्तै गरी नेपालमा रा. शि. प. योजना २०२८ को २०३३ को मध्यावधि र २०३७ को पूर्णावधि मूल्याङ्कन पश्चात आधारभूत कुरालाई यथावत राखी विभिन्न पक्षमा केही परिवर्तन र संशोधन गरी पाठ्यक्रम कार्यान्वयन योजना २०३८ प्रकाशनमा आयो । त्यस्तै २०४६ फागुन ७ गते सुरु भएको जनआन्दोलनले नेपालमा ठूलो राजनिति परिवर्तन ल्यायो । प्रजातन्त्रको पुन स्थापन पश्चात शिक्षा क्षेत्रमा देखिएका वातावरण तयार गर्न २०४७ फागुन १४ गते अन्तरिम कालका शिक्षामन्त्री डा. केशरजंग रायमाझीको अध्यक्षतामा १५ सदस्य आयोग बन्यो । त्यस्तै गरि २०४८ साल साउन १३ गते यस आयोग पून गठन गरियो । त्यस्तै गरी नेपाल सरकारले राष्ट्रको वर्तमान शिक्षानीति कार्यक्रम तथा गठनको अध्ययन एवं विश्लेषण द्वारा राष्ट्रिय आवश्यकता अनुरुप दक्षजनशक्ति तयार गर्नका लागि समय सापेक्ष पारी २०५४/१/१२ गते निर्णय अनुसार उच्च स्तरीय, राष्ट्रिय शिक्षा आयोग (२०५५) को गठन भयो । यसले शिक्षामा विकास भएको देखिन्छ (शर्मा, २०७०)।

शिक्षालाई समाजको विकास क्रमलाई जोडेर हेर्ने गरिन्छ । मानव विकास संगै शिक्षाको पनि विकास हुदै आएको छ । समाज शास्त्रका पिता अगष्ट कोटले मानव विकासलाई आध्यात्मिक स्तर, परामौतिक स्तर वैज्ञानिक स्तर बाट मानव विकास हुदै आएको छ भन्ने कुरा उल्लेख गरेका छन् त्यस्तै गरि मोर्गानले मानव विकासलाई जंगली चरण, बर्वरचरण र सभ्यचरण वाट समाजको विकास भएको कुरा उल्लेख गरेका छन् । आजको शिक्षाको क्षेत्रमा धेरै ठूलो फड्को मारेको अवस्था छ । नयाँ नयाँ खोज अनुसन्धान अन्वेषण प्रयोग परीक्षण भएका छन् शिक्षालाई मानवको जन्म सित मौलिक अधिकारको रुपमा हेर्न थालिएको छ । सबैलाई समान अधिकार र गुणस्तरीय शिक्षाको धारणा आइसकेको छ । शिक्षालाई व्यवहारीक, प्राविधिक र वैज्ञानिक स्तरबाट अगाडी बढ्उन शुरु गरिसकेको अवस्था छ । आजको युगमा शिक्षालाई विज्ञानको रुपमा हेर्न थालिएको छ भने प्रविधिले गर्दा शिक्षाको पउँचमा तिब्र विकास भइरहेको अवस्थामा समाज पनि चेतनशील र प्रविधि तिर आकर्शित हुन थालेको अवस्था छ । शिक्षाको विकास हुनु भनेको सामाजिक

आर्थिक राजनितिक शैक्षिक सांस्कृतिक प्राविधिक वातावरणको विकास हुनलाई लिन सकिन्छ ।

शिक्षा मानव समाजको विकास तथा समुन्नतिको महत्वपूर्ण आधार हो । हालसम्म मानव समाजले जे-जति प्रगति गरेका छन्, त्यो सबै शिक्षा अनि ज्ञानको उपज हो जस्तै ढुङ्गे युगबाट आधुनिक युगमा आउनु समाजको सदस्य भएकै कारण मानिसले गर्ने सबै खालका क्रियाकलापको सवलमा शिक्षाको गहनता मूल्यावन मानिन्छ । शिक्षा भनेको ज्ञानको ज्योति हो । जसले मानविय जिवनका हरेक पक्षलाई उज्यालो पर्दछ । परम्परागत समाजलाई आधुनिक समाजमा रुपान्तरण गराउन सहयोग गर्दछ । समाजका आम नागरिकले शिक्षा पाउनु उनीहरुको अधिकार हा, जस्तै : दलित महिला र पिछडिएको वर्ग । यदि उनीहरुको शिक्षा माथि पहुँच पुगेन भने उनीहरुको क्षमता र रुचि कुण्ठित हुन्छ । यथार्त पनि प्रत्येक देशको संस्कारले सबैलाई शिक्षा दिन जिम्मेवारी लिएको हुन्छ । शिक्षाका माध्यमबाट नै समाजको आर्थिक, सामाजिक, राजनैतिक, संस्कृतिक, उन्नतिको ढोका खोल्दछ तसर्थ सबैका लागि शिक्षा आजको मूलमूत आवश्यकता हो ।

## १.२ समस्याको कथन

मानवजीवनमा शिक्षा नभई नहुने कुरा हो । शिक्षा रुपान्तरणको मार्ग हो । शिक्षाले मानवलाई सभ्य तथा चेतनशील प्राणी बनाउन मदत गर्दछ । साथै शिक्षाले आधारभूत आवश्यकता पुरा गर्ने सवालमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले नै मानिसको चेतना, विचार, व्यवहार निमार्ण गर्दछ । शिक्षा पूर्ण भयो भने उसको जीवन स्तरमा वृद्धि हुन्छ तर शिक्षा अपूर्ण भएमा जीवन स्तरमा ह्रास आउन सक्दछ । त्यसैले यो अनुसन्धान प्रस्तावनामा विद्यार्थीहरुको शिक्षामा कस्तो स्थिति छ भनी नयाँ ज्ञान प्राप्तिका लागि तयार पारिएको छ । धेरै जसो विद्यार्थीहरुले आफूले चाहेर पनि पढ्न पाएका हुदैनन् । पढ्न पाएका पनि विभिन्न कारणहरु सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक कुराले गर्दा विद्यार्थीहरु माथि पढ्ने इच्छालाई पनि प्रभाव पारिरहेको हुन्छ । विभिन्न कारण बस उनीहरु बिचैमा छोड्न परेको पनि हामीले हाम्रो समाजमा देखेका छौं । त्यस मध्ये पनि पुरुषको तुलनमा महिलाहरुलाई पढ्न पाउने स्वतन्त्रता हाम्रो समाजमा त्यति देखिदैन । भनिन्छ “पुरुष शिक्षित भयो भने त्यो पुरुष एक जना मात्र शिक्षित हुन्छ । तर महिला शिक्षित भयो भने पुरै परिवार नै शिक्षित हुन्छ” हाम्रो समाजमा पुरुष र महिला प्रति हेर्ने भावनाहरुको

भिन्नता देखिरहेको छ । शिक्षा प्रति महिलालाई नकारात्मक दृष्टिले व्याख्या गरिएको पाइन्छ । महिलालाई पढायो भने पोइला जान्छन् भन्ने जस्ता कुसस्कारले गर्दा हाम्रो समाजमा शिक्षा प्रतिको भावनालाई गहन रुपमा हेर्ने गरेको पाइन्छ ।

भट्टराई (२०७१) ले influencing factors on students education को बारेमा अध्ययन गरेका छन् । यो अध्ययन सिन्धुपलान्चोक जिल्लाको चौतारा भन्ने ठाउँमा रहेको चौतारा बहुमुखी क्याम्पसमा अध्ययनरत वि.एड्. प्रथम वर्षका छात्र छात्राको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाले शिक्षामा कस्तो प्रभाव पारेको छ भने कुरा शोधपत्रमा उल्लेख गरिएको छ । सामाजिक, आर्थिक, सांस्कृतिक कुराहरुले शिक्षामा प्रभाव पारिरहेको छ । विद्यार्थीहरुको आर्थिक अवस्था, परिवारको गरिवी अवस्था, राजनीतिक कारण, कृषि, व्यापार, रोजगारका साथै महिलाहरुले समयमा नै विवाह गरेर जानु पर्ने घरायसी काममा बढी भुल्नु पर्ने, घरबाट टाढा गएर अध्ययन गर्नुपर्ने, डेरा वस्नु पर्ने परिस्थितिले गर्दा शिक्षामा आर्जन गर्नलाई प्रतिकुल असर गरिरहेको छ । अध्ययन अनुसार शिक्षामा जति सुकै पहुँच र सेवा सुविधा भए पनि शैक्षिक प्रगतिमा छात्र भन्दा कम छात्रा अध्ययनमा सफल भएको पाइन्छ ।

प्राचिन समाजको तुलनामा अहिले आधुनिक समाजमा महिलाको शिक्षालाई महत्व त दिइएको छ तर व्यवहारमा त्यति लागु भएको देखिदैन । अहिले पनि गाँउघरमा महिलाहरुलाई पढाइमा त्यति महत्व दिएको देखिदैन । यदी पढाई हाले पनि बिचमा नै पढाई छोडाउने र बिहे गरिदिने प्रचलन रहेको देखिन्छ । विवाह पश्चात ऊ आफ्नो घर व्यवहारमा नै अल्मलिएको र पढाई पूरा गर्न नसकेको देखिन्छ । महिलालाई उच्च शिक्षा हाँसिल गर्न घरभन्दा बाहिर ठाँउ जान प्रतिबन्ध लगाएको पनि देख्न सक्छौ । त्यस्तै गरि पुरुषहरुलाई सामाजिक, आर्थिक, राजनैतिक कारणले गर्दा विद्यालयमा पढ्दा पढ्दै छोड्नु पर्ने र वेरोजगारीको भावना वृद्धि हुन जानुले गर्दा पनि पढाइलाई पुरा गर्न नसकेको अवस्था छ । महिलाहरुले आफूले चाहेको विषय पढ्न नपाउनु र गाँउ घर कै विद्यालयमा अध्ययन गर्नु पर्ने देखिन्छ । क्याम्पस गई नियमित कक्षा लिन नपाएको स्थिति जस्तो देखिन्छ । त्यस कारण यस्तो समस्या किन आयो ? के कारणले आएको ? भन्ने कुराको अध्ययन हुन जरुरी भएकोले यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेको छ ।

१. शिक्षामा प्रभाव पार्ने सामाजिक आर्थिक,साँस्कृतिक तत्वहरु के के हुन् ?

२. गरिवीका कारण विद्यार्थीहरुको शिक्षामा कसरी प्रभाव पर्दछ ?

३. परिवारको साक्षरता दर कस्तो छ ?

## १.३ अध्ययनको उदेश्य

यो अध्ययनको उद्देश्य विद्यार्थीहरुको शैक्षिक अवस्था बारे पता लगाउनु हो ।यसका विशिष्ट उदेश्यहरु निम्न रहेका छन् :

१. विद्यार्थीहरुको पारिवारिक पृष्ठभूमि पता लगाउनु,
२. विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने तत्व पता लगाउनु,
३. आर्थिक, सामाजिक,सांस्कृतिक एवम शैक्षिक अवस्था लैङ्गिक शिक्षामा पर्ने असरको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व

यो अध्ययन सैद्धान्तिक र व्यवहारिक दुवै पक्षलाई फाइदाजनक रहेको छ । यस अध्ययनले विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने तत्व तथा समस्यालाई खोतल्न सहयोग गरेको छ र यसले विद्यार्थीहरुको शिक्षालाई अझ राम्रो स्तरमा पुर्‍याउनका लागि के के गर्नुपर्छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ । यो अध्ययन विद्यार्थी, शिक्षक तथा अभिभावक सबैलाई फाइदाजनक रहेको छ । त्यस्तैगरी, यो भन्दा पछि यो विषयमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि यो एक साहित्यपुनरावलोकनको रुपमा रहने छ । समाजशास्त्रीय दृष्टिकोणले हेर्दा मानवलाई सामाजिक प्राणी बनाउनका लागि शिक्षाले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । त्यसकारण यो अध्ययनले सामाजिक विज्ञानमा पनि ठूलो योगदान दिनेछ । त्यस्तैगरी यस अध्ययनले विद्यार्थीहरुको शिक्षामा अझ राम्रोसँग विकास गर्नका लागि शिक्षक, विद्यार्थी तथा अभिभावकलाई यस मार्फत केही जानकारी दिइएको छ ।

## १.५ अध्ययनको संगठन

यो अध्ययन ६ भिन्ना भिन्नै अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचयको भाग रहेको छ । त्यस भित्र पनि केही शीर्षकहरु जस्तैः अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठन रहेको छ ।

त्यस्तैगरी दोस्रो अध्यायमा साहित्य पुनरावलोकन रहेको छ । यसमा यस अध्ययनसँग सम्बन्धि विभिन्न अध्ययनहरुको पुनरावलोकन गरिएको छ । विशेषगरी यसमा पुर्व साहित्यको अध्ययन जुन पहिला नै गरिसकेको अध्ययन बारे व्याख्या गरिएको छ र अवधारात्मक ढाँचा शिर्षक राखी शिक्षालाई प्रभाव पार्ने तत्वहरुको चार्ट बनाइएको छ ।

त्यस्तै अध्याय तीनमा अध्ययन विधिको बारे चर्चा गरिएको छ । त्यस भित्र पनि विभिन्न शिर्षकहरु जस्तैः अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, अध्ययनको समग्रता र नमुना प्रक्रिया, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण र अध्ययनको सिमा जस्ता शिर्षक राखि चर्चा गरिएको छ ।

त्यस्तै अध्याय चारमा अध्ययन क्षेत्रको परिचय शिर्षक राखि चर्चा गरिएको छ । त्यस भित्र पनि विषयगत व्यवस्था, पठनपाठन समय र प्रक्रिया, आन्तरिक परीक्षा र अतिरिक्त क्रियाकलापहरु, छात्रवृत्ति विवरण, आदि शिर्षक राखी व्याख्या गरिएको छ ।

अध्याय पाँचमा विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने तत्वहरु शिर्षक राखिएको छ । जसमा विद्यार्थीहरुको व्यक्तिगत विवरणका साथै विद्यार्थीहरुको शिक्षामा प्रभाव पर्ने विभिन्न तत्वहरुको विश्लेषण गरिएको छ ।

अन्त्यमा अध्याय छमा अध्ययनको सारंश र निष्कर्षमा ध्यान दिइएको छ र साथै सन्दर्भसामाग्री तथा अनुसुचीहरुलाई यस अध्ययनमा समावेश गरिएको छ ।

# अध्याय दुई

# पुर्व कार्यको समिक्षा

## २.१ साहित्यको पूनअवलोकन

शिक्षा र समाजबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुदाँ समाजशास्त्रमा यसको महत्व रहन्छ । शैक्षिक समाजशास्त्र पिताको रुपमा इ. जर्ज त्याने लाई लिइन्छ । उनले सम्पूर्ण शैक्षिक प्रक्रियालाई समाजशास्त्रका तथ्याङ्क र सिद्धान्तका आधारमा पुन् मूल्याङ्कन गरिनु पर्दछ भन्ने मान्यता राखेका छन् । समाजशास्त्रको अध्ययनबाट मात्र शिक्षाले मानव व्यक्तित्व र व्यवहारको विकास गर्ने जुन लक्ष्य लिएको हुन्छ त्यो प्राप्त गर्न सक्दछ भन्ने धारणा व्यक्त गर्दै उनी व्यक्तित्व विकास व्यक्तित्व र सामाजिक वातावरणको अन्तरक्रियाको स्थापनामा सामाजिक सम्बन्धलाई स्थान दिनु, जरुरी रहेको तथ्य पनि व्यक्त गरेका छन् ( विष्ट, २०४९) ।

राष्ट्रिय शिक्षा आयोग, २०४९ ले गरेको अध्ययन अनुसार विद्यालयमा उपलब्ध सुविधाहरुलाई नै शिक्षामा अवसरको रुपमा लिने हो भने सुविधायुक्त विद्यालयमा विद्यार्थी सहमागीता बढ्नु पर्ने हो तर बढ्न सकेन । यसबाट के प्रष्ट हुन्छ भने सुविधाहरु त आवश्यक हुन्छ तर उक्त सुविधाहरु बढ्दैमा विद्यार्थी सहमागीतालाई उसको पारिवारिक सिति, लिङ्ग र विद्यालयको शैक्षिक वातावरण जस्ता कारणहरुसँग घनिष्ट सम्बन्ध रहेको तथ्य अध्ययनबाट स्पष्ट भएको देखिन्छ । साथै देशको सबै क्षेत्रमा समान शैक्षिक अवसर पुऱ्याउन सकिएको छैन र विभिन्न कठिनाई ल्याएको छ (राष्ट्रिय शिक्षा आयोग, २०४९) ।

शिक्षा शब्द आफैमा अपार महत्व बोकेको शब्द हो जसको अर्थ ज्ञान आर्जन गर्नु वा चेतनाको खोजी गर्नु ज्ञानको सुधार तथा सीप विकास गर्नु भन्ने हुन्छ । वर्तमान विज्ञान र प्रविधिको युगमा शिक्षा मानव जातिको तेस्रो आँखा हो । विद्वान् एडिसनका अनुसार “जब शिक्षाले स्वास्थ्य मस्तिष्कमा केही प्रभाव पार्छ तब उसका अन्तर्निहित गुणहरुलाई बाहिर ल्याउन सक्छ” त्यसैले शिक्षाबाट बञ्चित व्यक्तिले मानवजीवनको गहिराइलाई बुझ्न र समयको गति सँगै विकासको मार्गमा अघि बढ्न सक्दैन शिक्षालाई ‘ज्ञान चक्षु’ अर्थात् सुक्ष्म

आँखाले देख्न नसकिने गुणहरुको पहिचान गरी नयाँ नयाँ अन्वेषण गर्न सकिन्छ र सजिलैसँग सफलताका शिखरहरु चुम्न सकिन्छ (थापा, २०६५) ।

पर्सियन दार्शनिक हूमवोल्टले सतौ शताब्दीमा प्रतिपादन गरेका शिक्षा सम्बन्धी दर्शनबाट जर्मन समाजलाई आज यो अवस्थामा ल्याएको पाइन्छ । सन् १६८९ मा आफ्नो व्यतिगत डायरीमा शिक्षाका सम्बन्धमा आफ्नो दर्शन यसरी प्रस्तुत गरेका छन् - "एउटा व्यक्तिको शिक्षाले उसलाई समाजमा समाहित गराउन सक्नु पर्दछ र वृहत् समाजमा उसको सम्बन्ध स्थापित गराउनु पर्दछ ।" उनले शिक्षाका नीतिलाई व्यक्तिको जीवनलाई समाजमा संङ्गठित गराउन मदत मिल्ने माध्यमको रुपमा लिएका छन् (अधिकारी, २०६५) ।

विद्यानाथ कोइराला (१९९६) ले दलिद र नेपालको विद्यालय शिक्षाको सम्बन्धको बारेमा अध्ययन गरेका छन् । यो अध्ययन गोर्खा जिल्लाको वुङ्कोट गाँउका दलिद समुदायमा लक्षित गरिएको छ । कोइरालाका अनुसार नेपालमा विद्यालय शिक्षा दलित समुदायमा विस्तार भए संगै दलिद समुदायको परम्परागत जातीय मान्यतामा परिवर्तन आउनुका साथै उनीहरुको परम्परागत पेशाको स्थीतीमा पनि परिवर्तन आएका छ । सामाजिक राजनितिक परिवर्तनका साथ उनीहरुको सामाजिक पहिचान र आर्थिक स्थितीमा सकारात्मक परिवर्तन आएको पाइन्छ । अध्ययन अनुसार शिक्षामा जतिसुकै पहुच र सेवा सुविधा भएपनि शैक्षिक प्रगतिमा दलित बालबालिकाहरु गैर दलित बालबालिकाहरु भन्दाकम सफल भएको पाइन्छ । यसको कारणमा परम्परागत सामाजिक स्थीती लगायत गरिवी र बाल बालिकाको काममा रहने व्यस्तता आदि रहेको पाइएको छ ।

सामाजिक तथा साँस्कृतिक विश्वासका कारण केटाहरुलाई जस्तो केटीहरुलाई नेपाली समाजमा व्यवहार देखाउने गरेको छैन । केटी तथा महिला विरुद्धको विभेदकारी मुल्यमान्यता नेपाली संस्कृति र समाजमा चलि आएको छ । चाँडो विवाह, सामाजिक मूल्यमान्यता आदिले महिलाहरु शिक्षामा पुरुष सरह अगाडी बढ्न सकेको छैन । त्यस्तै ग्रामिण क्षेत्रमा गरिबीको कारणले अभिभावकले आफ्नो बच्चाको शिक्षालाई महत्व दिन सकेको छैन । किनकी उनीहरुलाई विहान बेलुकीको छाक टार्न पनि मुस्किल परिरहेको अवस्था छ । परिवारको आर्थिक उपार्जनका लागि बाल श्रमको महत्वपूर्ण योगदान रहेको छ । त्यसमा पनि केटाको तुलनामा केटीहरुले बढी श्रम गर्ने गरेको छ । यो योगदान जति

उमेर बढ्दै गयो त्यति नै बढी हुदै गएको छ (जसले बच्चाहरुको विद्यालय तह देखि नै शिक्षामा प्रभाव परिरहेको छ (विष्ट, २००४) ।

नेपाल एक हिमाली देश हो । धेरै जसो नेपालको भुभाग हिमाल र पहाडले भरिएका छन् । त्यसमाथि यातायातको अभावले गर्दा शिक्षामा चुनौति आइरहेको छ । त्यसमा पनि नेपालमा रहेको विद्यालयहरु राजनैतिक क्षेत्र अनुसार बनाएका छन् नकी वैज्ञानिक नक्साको आधारमा केही समुदायमा त विद्यालय नै छैनन् । विशेषगरी केटीहरुलाई विद्यालयको दुरीले गर्दा विद्यार्थीमा असर परेको छ, अभिभावकले पनि छोरीहरुलाई विद्यालय जानबाट रोक लगाइरहेका हुन्छन् । १०% प्राथमिक तहका विद्यार्थीहरुमा केही न केही शारीरिक वा मानसिक कमजोरी रहेको हुन्छ । त्यसैले यस्ता बच्चाहरु विद्यालयमा हुँदैनन् । यदि यस्ता कमजोर विद्यार्थी छन् भने नेपालका विद्यालयमा यस्ता बच्चाहरुलाई पढ्न र बढ्न अनुमति दिइएको छैन । त्यस्तैगरी देशमा भएको द्वन्द्व जस्तैः १० वर्षे माओवादीको द्वन्द्वले गर्दा पनि विद्यार्थीहरु नियमित रुपमा विद्यालय गएका छैनन्, जसले उनीहरुको शिक्षामा प्रभाव परिरहेको छ (बिष्ट, २००४) ।

शिक्षामा लैङ्गिक समानता आजको आवश्यकता हो, ह्रासको परिपूर्ति महिलालाई शैक्षिक क्षेत्रमा आवद्ध गराउन सकेमात्र हुन सक्छ । वास्तवमा सामाजिक, आर्थिक, सांस्कृतिक विसंगतिका प्रशस्त अभावले चेतनाको प्रभावलाई थुन्ने प्रयास गरिरहेका छन् । महिलाप्रतिको भेदभावजन्य व्यवहारले शिक्षाको माध्यमवाट महिला चेतनाको अभिवृद्धिको विषय उपेक्षित बनेको छ । शिक्षामा सबैको पहुँच र सहभागिता नुहँदा सामाजिक विभेद जस्ता विसंगतिहरुको जन्म हुनुको साथै अवसरहरुमा पहुँच नहुने अवस्थाको सृजना हुने गर्दछ । विकासको मूल प्रवाहको निर्णय तहमा सहभागी नगराउन्जेल लैङ्गिक समानताले कदापी पूर्णता प्राप्त गर्न सक्दैन (बराल, २०७०) ।


कक्षामा विभिन्न स्तरका विद्यार्थीहरु मध्ये मन्दबुद्धि तथा सिकाइमका असक्त विद्यार्थीहरु पनि हुन्छन् । तिनीहरुलाई त्यति असामान्य मानिदैन तापनि तोकिएको समयमा व्यापक विषयवस्तु सिक्न सक्दैनन् । यस्ता वालवालिकाहरुले आफ्नो योग्यता वृद्धि गर्न सकिरहेका हुँदैनन् । यस्ता बालबालिकाहरु विषयवस्तु बुझ्न नसक्ने र बुझेर पनि तुरुन्तै विर्सने हुन्छन् (श्रेष्ठ, २०५६) ।

समाजशास्त्रीय शिक्षामा भएको परिवर्तनको दृष्टिकोणको बारेमा व्याख्या गर्दै आएर विश्वको समाजमा रहेको सबै समाज शास्त्रीहरुलाई अनुसन्धानको मुद्दालाई सम्बोधन गरि त्यस विधाले व्याख्या गरेको छ । ३७ वटा सिद्धान्त र अनुसन्धानमा आधारित मागहरुले नयाँ समयकालीन शैक्षिक प्रकृया, विश्वव्यापीकरण, परिवर्तन, सामाजिक बन्धन र असमानतालाई देखाएको छ । अन्तरराष्ट्रिय विद्वानहरु जो समाजशास्त्रमा आधारित छन् तिनीहरुले दुई वटा मिल्दा जुल्दा मागहरुलाई वितेको पचिस वर्ष अघि नै व्याख्या गरेका छन् । राज्यको पहिलो शिक्षाको आवश्यकताको वकालत गरेको छ । शैक्षिक संस्थामा शैक्षिक स्वेवतताको आवश्यकता देखाएको छ । यसले समाज शास्त्रीय शिक्षाको पूर्णता र विविधताको बारेमा बलियो व्याख्या गरेको छ । (Apple, 2010)

साहित्य पुनारावलोकनमा विशेष गरि विद्यार्थीहरुको शिक्षामा आर्थिक सामाजिक, राजनितिक, सांस्कृतिक स्वास्थ्य लैङ्गिक विभेद आदि कारणले प्रभाव पारिरहेको देखिन्छ । त्यसमा पनि दिएको साहित्यमा समग्रमा विद्यार्थीहरुको शिक्षामा पारेको दवावलाई जोड दिएको छ । कुनै पनि प्रभाव कारण विद्वानहरुले गरेका अनुसन्धान विद्यालय स्तरमा गरिएको अनुसन्धान बाट प्रष्ट हुन आउँदछ ।

## २.२ अवधारात्मक ढाँचा

शिक्षालाई विभिन्न तत्वहरुले प्रभाव पार्दछ जस्तै सामाजिक, आर्थिक, सांस्कृतिक यी चलहरु स्वतन्त्रचल हो भने शिक्षा आश्रित चल हो । यदि यी चलहरुमा परिवर्तन भएमा शिक्षामा प्रतिकूल असर पर्दछ । जसले गर्दा शिक्षालाई प्रभाव पार्ने तत्वहरुको अध्ययन गर्दा यी चलहरु बारे अध्ययन गर्नु अत्यन्त जरुरी पर्दछ । हामी शिक्षालाई प्रभाव पार्ने तत्वहरुलाई निम्नानुसार चार्ट बनाई अध्ययन गर्न सक्दछौ ।


- राजनीति
- घरायसीकाम
- साथीभाइको संगत
सामाजिक
शिक्षा
सांस्कृतिक
- परम्परागत मुल्य मन्यता
- चाड पर्व
- विवाह
आर्थिक
- कृषि
- व्यापार
- रोजगार

# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्ययन गर्दा अध्ययन क्षेत्रमा गई विद्यार्थीहरुलाई प्रश्न सोध्ने, अन्तवार्ता लिने साथै समुहमा छलफल गरिएको छ, शिक्षक र अभिभावकलाई प्रश्नविधीबाट प्रश्नहरु गरी अन्तर्वार्ता विधि अपनाइएको छ र तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

यो अध्ययन नेपालको पूर्वमा अञ्चल विकास क्षेत्रको मेची अञ्चल, इलाम जिल्लाको सदरमुकामबाट पश्चिमी भेगको समुन्द्र सतहबाट ४४० देखि २०५५ मिटर उचाइमा देउमाई नगरपालीका रहेको क्याम्पस "मंगलबारे बहुमुखी क्याम्पस" मा गरिएको छ। क्याम्पसमा अध्ययनरत वि. एड.का विद्यार्थीहरुलाई अध्ययनमा संलग्नगरिएको छ । प्रस्तुत अध्ययनको निर्मित छनौट क्षेत्रमा अहिले सम्म यस किसिमको अध्ययन भएको नपाइएकोले उक्त क्याम्पसलाई अध्ययन क्षेत्र बनाएको छु ।

धेरै जसो अनुसन्धानहरु आफ्नो इच्छाको क्षेत्रमा गरिने गर्दछ । यही ध्यानमा राखि यो शोध पत्र तयार पारेको हो । त्यसैले यस क्षेत्रको क्याम्पसमा महिला शिक्षा हाँसिल गरि आएको र त्यस ठाँउबाट आफूले चाहेका विषयवस्तुहरुको सम्पूर्ण स्रोतहरु उपलब्ध गर्न सकिने हुनाले त्यसैले यस क्षेत्रलाई मैले मेरो चाहना इन्छा अनुसार चुनेको छु । विद्यार्थीको हैसियतमा अनुसन्धान गर्नु पर्दा स्रोत र साधनको कमिले गर्दा धेरै टाढा अनुसन्धान क्षेत्र बनाउन नसकिने भएकोले यो क्षेत्र छनोट गरेको हो ।

## ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचा अपनाएर त्यस क्षेत्रको वास्तविक स्थिति जस्तै पारिवारिक स्थिति, शिक्षा प्रभाव पार्ने तत्वहरु के के हुन् त्यसका बारेमा व्याख्या गरिएको छ । तथ्याङ्क संकलन गर्दा प्रश्नावली, अन्तर्वाता तथा मुख्य जानकारसँग प्रश्नउत्तर विधि अपनाएर तथ्याङ्क संकलन गरिएको छ । वर्णनात्मक ढाँचा अन्तर्गत विद्यार्थीहरुको पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, वैवाहिक जात,

जाति, पेशा आदि पक्ष हेरिएको छ भने अन्वेषणात्मक अनुसन्धान ढाँचा अन्तर्गत विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने तत्वहरु हेरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न प्राथमिक तथा द्वितीय स्रोतहरुलाई प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली र मूख्य जानकारसँगको अन्तर्वार्ताबाट तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय स्रोतमा शिक्षामा सम्बन्धित लेख, किताब, क्याम्पसको प्रतिवेदन आदिबाट संकलन गरेको छु । त्यस्तै गरी तथ्याङ्कको प्रकृतिका आधारमा तथ्याङ्कहरु संख्यात्मक र गुणात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुसार यस अध्ययनमा उपयोग गरेको छु ।

### ३.४ अध्ययनको समग्रता र नमुना प्रक्रिया

अध्ययनको क्षेत्रमा क्याम्पसको रेकर्ड (२०७१) अनुसार वि. एड. मा १५२ जना विद्यार्थीहरुले भर्ना गरेका छन् जसमा छात्र ५४ जना र छात्रा ९८ जना रहेका छन् । अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण विद्यार्थीलाई उत्तरदाताको रुपमा लिनका लागि स्रोत र साधनको कमिले गर्दा असम्भव भएकोले ती सम्पूर्ण विद्यार्थीहरु मध्ये बाट ५० जना विद्यार्थीलाई अध्ययनको निमित्त छनोट गरेको छु । जसमा १ : ३ को अनुपातमा छनौट गर्दा छात्र २१ जना र छात्रा २९ जना रहेका छन् । छनौट गर्दा सामान्य सम्भावना युक्त नमुना छनौट अन्तर्गत अंक पद्धति नमुना छनोट विधि अपनाइएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधि

प्रस्तुत अध्ययनको निमित प्रथमिक तथ्याङ्क संकलनका दुई विधिहरु अपनाइएको छ । जस निम्न अनुसार छन् ।

#### ३.५.१ प्रश्नावली

अनुसन्धान गर्दा प्रश्नावली विधि विशेषगरी विद्यार्थीहरुको लागि अपनाएको छु । प्रस्तुत विधि अन्तर्गत विद्यार्थीको लिङ्ग तथा उमेर, धर्म, परिवारको प्रकार वैवाहिक स्थिति, जात/जाति पेशा, शिक्षामा प्रभाव पार्ने तत्वहरु जस्ता प्रश्नहरु बनाइएको छ । यसको लागि

सर्वप्रथम क्याम्पस प्रमुखसँग अनुमति लिई कक्षामा गएर यस अनुसन्धानका बारेमा विद्यार्थीहरुलाई सामान्य जानकारी गराउदै प्रश्न वितरण गरेको छु र पछिल्लो दिन प्रश्नावलीलाई संकलन गरेको छु ।

### ३.५.२ मुख्य जानकारसँगको अन्तर्वार्ता

अनुसन्धानको लागि विद्यार्थीहरुको साथ साथै विद्यार्थीको अभिभावक र शिक्षकहरुसँग अन्तर्वार्ता लिइएको छु ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या, विश्लेषण, वर्णानात्मक र अन्वेषणात्मक विधिबाट गरेको छु । त्यस्तै संख्यात्मक तथ्याङ्कहरुलाई टेबुलमा देखाई व्याख्या गरिएको छ । त्यसका साथसाथै अनुसन्धान क्षेत्रको तस्वीरहरु पनि यसमा समावेश गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र मानवशास्त्र केन्द्रिय विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आँशिक आवश्यकता पुरा गर्ने प्रयोजनका लागि मात्र प्रयोग गरिएको हो । अध्ययनकर्तासँग सीमित समय र साधन भएकाले इलाम जिल्लाको देउमाई नगरपालिकामा रहेको एक मात्र क्याम्पस मंगलबारे बहुमुखी क्याम्पसका वि. एड. मा अध्ययनरत विद्यार्थीहरुको मात्र अध्ययनमा समेटिएको छ ।अध्ययन गरिंदा नमुना छनौट गरी केही विद्यार्थीलाई मात्र उत्तरदाता बनाइएको छ, त्यसैले यसबाट आउने निष्कर्षले अन्यत्र अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रतिनिधित्व गर्न सक्दैन ।

त्यसैले यस अध्ययनलाई निम्न अनुसार सिमाङ्कन गरिएको छ ।

- यो अध्ययन इलाम जिल्लाको देउमाई नगरपालिकामा रहेको मंगलबारे बहुमुखी क्याम्पस मात्र सीमित रहेको छ ।
- यस अध्ययनमा वि. एड.मा अध्ययनरत विद्यार्थी, शिक्षक अभिभावक मात्र रहेका छन् ।
- यो अध्ययन गुणात्मक र परिमाणात्मक अनुसन्धान पद्धतिमा आधारीत रहेको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय र उत्तरदाताको विवरण

## ४.१ मङ्गलबारे बहुमुखी क्याम्पसको परिचय

इलाम जिल्ला नेपालको १४ अञ्चलमा मेची अञ्चलको ४ जिल्ला मध्ये सुदुर पुर्वको रमणीय जिलला इलामको पश्चिम अन्तर्गत देउमाई नगरपालिका स्थापित रहेको मंगलबारे बहुमुखी क्याम्पस  हो । नदी, पहाड, हिमाल, छहरा, वनजङ्गल, ताल, पोखरी, आदि प्राकृतिक सम्पदाम प्रसिद्ध पर्यटकीय स्थलहरु तथा ऐतिहासिक स्थलहरु रहेका छन् । यो क्याम्पस इलाम जिल्लाको क्षेत्र नं. २ का १६ गा. वि. स. हरु र क्षेत्र नं. ३ को ४ वटा गा. वि. स. हरु र पाँचथर जिल्लाको दक्षिण पश्चिम क्षेत्रका विद्यार्थीहरुका लागिथ पायक पर्ने सामुदायिह क्याम्पस हो ।

यस क्याम्पसको सेवा क्षेत्र भित्र बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त अवस्था र परम्परा भएका मानिसहरुको बसोवास रहेको पाइन्छ । यस क्षेत्रमा बाहुन, क्षेत्री, राई, लिम्बु, मगर, नेवार, दलित लगायतका मानिसहरुको बसोवास रहेको छ । फरक फरक जातजाती भेषभूषा भाषा एवं संस्कृती भएता पनि सामाजिक सदभाव सहीष्णुता र एकता कायम रहेको देखिन्छ ।

मङ्लबारे लगायत सिङ्गो पुवा पश्चिमको क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रको आवश्यकता महसुस गरी यस क्षेत्रका बुद्धिजीवी, समाजसेवी, राजनितिज्ञ, शिक्षक, विद्यार्थी, कृषक, व्यापारी लगायतको जागरुकतामा यस क्षेत्रमा स्नातक तहको अध्ययन अध्यापन हुने क्याम्पस स्थापना गर्न सर्वप्रथम मिति २०६२ फागुन ८ गते सोमबारका दिन श्री भवानी प्रसाद पराजुलीको घरमा तपशिलका व्यक्तिहरुको उपस्थितिमा बैठक बसेको थियो ।

सामाजिक, सांस्कृतिक, सदभाव र एकतासँगै परम्परा देखि नै शिक्षामा लगानी गर्नु पर्दछ भन्ने भावना अधिकांश यस क्षेत्रका जनताहरुमा रहेको पाइन्छ । आज भन्दा ९ वर्ष अघिमात्र स्थापना भई यस क्षेत्रमा स्नातक तहको शिक्षाको अवसर प्रदान गर्दै आएको यस क्याम्पसलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन यस क्षेत्रका शिक्षा प्रेमी, बुद्धिजीवी,

समाजसेवी, अभिभावक, प्राध्यापक, कर्मचारी, विद्यार्थी, सहयोगी तथा सुवेच्छुकहरुको महत्वपूर्ण योगदान रहेको छ । जनस्तरबाट यो क्याम्पस सञ्चालनका लागि जग्गादाता महानुभावहरुले निःशुल्क जग्गा दान गर्नु भएको छ भने अन्य महनुभावहरुले रु. २० देखि रु. १३००० सम्म आर्थिक सहयोग प्रदान गर्नुभएको छ । आगामी दिनमा समेत यस क्याम्पसलाई अझ समुन्नत र समृद्ध बनाउन स्थानीय निकाय, सरोकारवाला सम्पूर्ण पक्षको साथ सहयोग अपरिहार्य रहन्छ । यस क्याम्पसमा आगामी दिनहरुमा विशिष्टताको पहिचान गर्दै व्यवसायिक तथा प्राविधिक क्षेत्रको अध्ययन अध्यापनमा समेत संलग्न हुनसक्ने प्रसस्त सम्भावनाहरु देखिन्छन् ।

मङ्गलबारे क्षेत्रका शिक्षाप्रेमी महानुभवहरुको उच्च शिक्षा सञ्चालन गर्ने चाहाना अनुरुप यस क्षेत्रका अभिभावक, बुद्धीजीवी, शिक्षाप्रेमी, शिक्षक, विद्यार्थी राजनैतिक दल, भू. पू. सैनिक, व्यापारी वर्ग लगायत सबैको लामो प्रयास पछि वि. सं. २०६३ सालमा त्रिभुवन विश्वविद्यालयबाट अनुमति प्राप्त गरी २०६३ साल कार्तिक १ गतेबाट विधिवत रुपमा मङ्गलबारे बहुमुखी क्याम्पसको स्नातक तह तीन वर्षे वि. एड. को प्रथम वर्षबाट उच्च शिक्षा सञ्चालन शुरुआत भयो ।

प्रारम्भमा न्यून विद्यार्थी संख्या, एउटा मात्र संकाय (शिक्षा शास्त्र संकाय अन्तर्गत तीनवर्षे वि. एड. मात्र) सिमित विषयहरु र सिमित पूर्वाधारबाट प्रारम्भ भएको यस क्याम्पसमा शैक्षिक वर्ष २०६३/०६४ देखि शिक्षा शास्त्र संकाय अन्तर्गत तीन वर्षे वि. एड. मा अंग्रेजी, नेपाली, अर्थशास्त्र, स्वास्थ्य शारिरीक शिक्षा मूल विषयहरु र पछि जनसंख्या शिक्षा थप गरी ५ विषयका कक्षाहरु, शैक्षिक वर्ष २०६४/०६५ देखि मानविकी संकाय अन्तर्गत वि.ए.मा अंग्रेजी र समाजशास्त्र विषयका कक्षाहरु र शैक्षिक वर्ष २०६७/०६८ देखि व्यवस्थापन संकाय (वि. वि. एस.) अन्तर्गतका कक्षाहरु सञ्चालित छन् ।

ग्रामिण क्षेत्रमा सञ्चालित यस क्याम्पसले यस क्षेत्रका गरिव, जनजाती, महिला, दलित, उत्पीडित, पिछाडिएका अभिभावकहरुका सन्ततिहरुलाई सुलभ तवरले उच्च शिक्षा हासिल गर्न र देशको योग्य र सक्षम जनशक्ति उत्पादन गर्न सहयोग पुऱ्याएको छ । अतः यस क्याम्पसले आजको “सवैका लागि शिक्षा” र “खुल्ला विश्वविद्यालय” जस्ता विश्वव्यापी अवधारणालाई साकार पार्न ठूलो भूमिका निर्वाह गर्न सक्नेछ भन्ने आशा गर्न सकिन्छ । यस क्याम्पसलाई हालको सिमित भौतिक र आर्थिक स्रोतलाई सम्पन्न बनाउदै शैक्षिक गुणस्तर

बृद्धिमा लाग्न र आत्मनिर्भर बनाउन आवश्यक छ । क्याम्पसलाई इच्छाशक्ति, ज्ञानशक्ति र कर्मशक्तिको केन्द्रस्थल बनाई क्याम्पसको स्तरलाई समयसापेक्ष बृद्धि गर्दै लैजानु पर्ने र प्राज्ञिक केन्द्रको रुपमा स्थापना गर्नुपर्ने  अवस्था छ ।

मङगलबारे बहुमुखी क्याम्पसको स्वामित्वमा हाल आठ रोपनी चारआना (८-४-०-०) मात्र जमिन रहेको छ । यो जमिनको ५ रोपनी बराबरको क्षेत्र हाल बाँझो अवस्थामा रहेको छ । दाताहरुबाट प्राप्त उक्त जमिनबाट कुनै आम्दानी प्राप्त गर्न सकिएको छैन । जमिनको अधिकतम सदुपयोग र प्रतिफलको लागि गुरुयोजना तयार गर्न जरुरी छ । यसै कुरालाई मध्यनजर राखी क्याम्पसले १५ वर्षे गुरु योजना तयार गरी विभिन्न कार्यक्रमहरु सक्रियताका साथ कार्यान्वयन गर्ने योजना तय गरेको छ ।

यो क्याम्पस भौतिक रुपले सम्पन्न हुन सकेको छैन । स्नातक तहका विभिन्न कक्षाहरु सञ्चालनका लागि नेपाल ग्रामिण विकास तथा पुननिर्माण संस्थाको सहयोगमा निर्मित तीनवटा भवनहरु रहेका छन् । जसको कोठा संख्या ६ रहेको छ । उक्त काक्षाकोठाहरु पठनपाठनका दृष्टिले उपयुक्त छन् भने तर प्रशासनिक कक्ष पुस्तकालय तथा थप कक्षा कोठाहरु सञ्चालनको लागि मङ्गलबारे बहुमुखी क्याम्पस तथा विश्व विद्यालय अनुदान आयोगको संयुक्त साझेदारीमा दुई तले पक्की भवन निर्माण सम्पन्न भई प्रयोगमा आएको छ ।

हाल विश्वविद्यालय अनुदान आयोग र मङ्गलबारे बहुमुखी क्याम्पसको साझेदारीमा निर्मित दुई तले १२ कोठे पक्की भवनमा नै पुस्तकालय सञ्चालन हुदै आएको छ । तर पनि कोठाहरु अलि सानो भएकोले भविष्यमा व्यवस्थित पुस्तकालय र वाचनालयका लगि छुट्टै व्यवस्थित भवनको आवश्यकता रहेको देखिन्छ । यस क्याम्पसमा हालसम्म भूतपूर्व विद्‍यार्थी मञ्च,Room to read, इलामेली विद्‍यार्थी मञ्च जस्ता विभिन्न संस्थाहरुले उपलव्ध गराएका ५०० तथा क्याम्पसले आफै खरिद गरेका ११७९ गरी जम्मा १६७९ को संख्यामा पुस्तकहरु रहेका छन् । साथै विश्वविद्यालय अनुदान आयोगको सहयोगमा रु.१ लाख ४३ हजार बराबरको पुस्तकहरु खरिद गरी २४० थान पुस्तकहरु थप गरिएको छ । यो संख्या हालको विद्यर्थी संख्याको तुलनामा कम छ । त्रि.वि.को पाठ्‍यक्रमको परिवर्तित अवस्थालाई हेर्दा तत्काल स्रोतको खोजी गरी परिवर्तित नयाँ पाठ्‍यक्रम अनुसारका सामाग्रीहरु र आधिकारिक पाठ्‍यपुस्तक तथा सन्दर्भ पुस्तकहरुलाई समय सापेक्ष, प्रविधि सम्पन्न, पर्याप्त र सुविधा

सम्पन्न बनाउदै लैजान सके गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै अनुसन्धानात्मक कार्यका लागि महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

यस क्याम्पसको हाता भित्र खानेपानी धारा १ सञ्चालित अवस्थामा छ । उक्त खानेपानी क्याम्पसबाट २ कि.मि. टाढाबाट क्याम्पस सञ्चालक समितिका वर्तमान अध्यक्ष श्री भीमलाल खनालले आफ्नो निजी जमिनबाट उपलव्ध गराउनु भएको हो । यस्तै गरी यस क्याम्पसमा हाल चारकोठे एक शौचालय रहको छ । उक्त शौचालय २/२ कोठा छात्रा, छात्र तथा प्राध्यापकहरुको लागि प्रयोग   गरिन्छ

हाल क्याम्पसको आफ्नो भवनमा विद्युत सुविधा उपलब्ध छ । कम्प्युटर, प्रिन्ट, फोटोकपी, इमेल, इन्टरनेट सम्वन्धी सम्पूर्ण कार्यहरु आफ्नै भवनमा विद्युतीय लाइन प्रयोग गरी सञ्चालन गरिदै आएको अवस्था छ ।

यस क्याम्पसको मानव संसाधनको कोणबाट हेर्दा स्थापना कालमा १ जना क्याम्पस प्रमुख, ४ जना प्राध्यापक र १ जना कर्मचारी गरी ६ जना स्टाफबाट सुरु भएको यस क्याम्पसमा हाल आएर १ जना क्याम्पस प्रमुख, १ जना सहायक क्याम्पस प्रमुख, ३ जना विभागीय प्रमुखहरु, पूर्णकालीन र आंशीक गरी १४ जना प्राध्यापकहरु र २ जना कर्मचारीहरु गरी जम्मा २१ जना स्टाफ रहेका छन् ।

क्यामपसको आर्थिक पक्षलाई हेर्ने हो भने क्याम्पसको प्रमुख आय स्रोत विद्‌यार्थीबाट उठ्ने शुल्क नै हो । यस बाहेक देउमाई नगरपालिका साविक मङ्गलबारे गा.वि.स.बाट, जि.वि.स. इलामबाट अनुदान सहयोग तथा विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान, पुस्तकालय र फर्निचरका लागि एक समयमा निश्चित रकम उपलव्ध भएको छ भने विश्वविद्यालय अनुदान आयोगबाट दोस्रो उच्च शिक्षा परियोजना अन्तर्गत भौतिक तथा शैक्षिक विकासका लागि कार्यक्रमबद्ध रुपमा आर्थिक सहयोग उपलव्ध भएको छ ।

हाल मङ्गलबारे बहुमुखी क्याम्पसले ग्रामिण क्षेत्रका न्यून आय भएका अभिभाववकहरुका सन्ततीहरुलाई शिक्षा प्रदान गर्दै आएको छ । अधिकांश छोरी बुहारीहरु मात्र अध्ययन गर्ने यस क्याम्पसलाई आर्थिक, भौतिक, मानव संसाधन, प्राविधिक रुपमा सवल र सक्षम बनाई विश्वव्यापी प्रतिष्पर्धागर्न सक्ने अवल संस्थाको रुपमा विकास गर्दै

लैजानु पर्ने गहन दायित्व सम्पूर्ण सरोकारवालाहरुको काधमा आइपरेको छ (*स्रोत : बहुमुखी क्याम्पस, २०७२*)। यससँग सम्बन्धित तस्वीरहरु अनुसुची ४ मा दिइएको छ।

### ४.२ विषयगत व्यवस्था

यस क्याम्पसमा त्रि.वि. बाट विशिष्टीकरणका विषयहरु अंग्रेजी, नेपाली, अर्थशास्त्र, जनसंख्या, स्वास्थ्य र शारीरिक शिक्षा भएकोमा सबै विषयहरु प्राध्यापन भइरहेका छन्। सुरुका वर्षमा मूल विषय अंग्रेजी नेपाली, अर्थशास्त्र, स्वास्थ्य र शारीरिक शिक्षा विषय प्राध्यापन गराइएकोमा वि.एव्यवस्थापन संकाय समेत सञ्चालन भइरहेको छ। (*स्रोतः मङ्गलबारे बहुमुखी, २०७२*)।

### ४.३ पठनपाठन समय र प्रक्रिया

यस क्याम्पस बिहानको समयमा संचालन भैरहेको छ। पठनपाठन प्रक्रियाहरुमा विभिन्न विधि, पहुँच तथा तरिका अबलम्बन गर्दै सहभागीतात्मक शिक्षण सिकाई प्रक्रियाहरुलाई प्राथमिकता दिँदै आएका छन्। कुनै विषयका विषयवस्तु अधुरो रहन आएमा थप समयको व्यवस्था गरी प्राध्यापन गरिरहेको छ। प्राध्यापन एवं अतिरिक्त क्रियाकलापका लागि व्यवस्थापन समिति, सल्लाहाकार समिति, प्राध्यापक स्ववियुको सहयोगमा वार्षिक कार्ययोजना अनुरुप गरिरहेको छ।

### ४.४ आन्तरिक परीक्षा र अतिरिक्त क्रियाकलापहरु

यस क्याम्पसमा त्रि.वि.को नियमानुसार स्व.वि.यु. गठन भएको छ। प्राध्यापक स्टाफ क्याम्पस स्व.वि.यु. व्यास्थापन समिती, सल्लाहाकमार समितीको संयुक्त बैठकबाट वार्षिक कार्ययोजना तर्जुमा गरिएको छ। सोहि वार्षिक कार्ययोजना अनुरुप शैक्षिक क्रियाकलाप, आन्तरिक परीक्षा एवं अतिरिक्त क्रियाकलाप संचालन गरिएको छ। यसै वर्ष देखि आन्तरिक परीक्षाको साथै अतिरिक्त क्रियाकलापहरुमा साँस्कृतिक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगिता, कविता प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, खेलकुद प्रतियोगिता, आदि भइरहेको छ।

### ४.५ छात्रावृत्ति विवरण

यस क्यापसमा अपाङ्ग दलित गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति दिने गरेको पाइन्छ । क्याम्पसको अतिरित्त स्रोतको रुपमा अनुदान आयोगले रु. ४ लाख क्याम्पसलाई दिएको छ । यसबाट आउने व्याजको विद्यार्थी संख्यालाई भाग गरि अधिक र न्यून अवस्था हेरि छात्रवृत्ति दिने गरेको पाइन्छ । त्यसै गरि नन्दकुमारी अक्षय कोषमा रु. १ लाख रुपैंया रहेको छ । यसबाट आउने व्याज पनि छात्रवृत्तिको रुपमा विद्यार्थीहरुलाई दिँदै आएको अवस्था छ । (स्रोत : मंगलबारे बहुमुखी २०७१) । साथै मंगलबारे बहुमुखी क्याम्पस संचालक समितिको वर्तमान पदाधिकारीहरुको नामवलीलाई अनुसुची ३ मा दिइएको छ ।

### ४.६ विद्यार्थीहरुको व्यक्तिगत विवरण

विद्यार्थीहरुको शिक्षामा प्रभाव पर्ने तत्वहरुको अध्ययनको क्रममा विद्यार्थीहरुको लिङ्ग, उमेर, धर्म, जात/जाति, वैवाहिक स्थिति, जस्ता विषयवस्तुहरुको पनि चर्चा गर्नुपर्ने जरुरी भएको हुँदा उत्तरदाताका रुपमा लिइएको विद्यार्थीहरुको व्यक्तिगत विवरणको विश्लेषण निम्नानुसार गरिएको छ ।

#### ४.६.१ लिङ्ग तथा उमेर

अध्ययनको उद्देश्यलाई पुरा गर्नका लागि विद्यार्थीको लिङ्ग तथा उमेरको विवरण पत्ता लगाउन जरुरी भएको हुँदा विद्यार्थीहरुको लिङ्ग तथा उमेरलाई तालिका नं. १ मा विश्लेषण गरिएको छ ।

**तालिका नं. १ : लिङ्ग तथा उमेरको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | उमेर | लिङ्ग | | प्रतिशत | | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | २०-२३ | १० | १५ | ४७.६२% | ५१.७२% | २५ | ५०% |
| २ | २४-२६ | ६ | ११ | २८.५७% | ३७.९३% | १७ | ३४% |
| ३ | २७-२९ | ४ | २ | १९.०५% | ६.९०% | ६ | १२% |
| ४ | ३०-३२ | १ | १ | ४.७६% | ३.४५% | २ | ४% |
| जम्मा | | २१ | २९ | १००% | १००% | ५० | १००% |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. १ हेर्दा २० देखी २३ वर्ष उमेर समुहका विद्यार्थीहरु सबै भन्दा बढी (५०%) रहेको छ । त्यसमा पनि छात्रा ५१.७२% र छात्र ४७.६२%रहेका छन् । यी उमेरका विद्यार्थीहरु प्रविणता तह उत्तीर्ण गर्ने वितिकै स्नातक तहमा भर्ना भएको उत्तरदाता बताउँछन् । त्यस्तै ३० देखि ३२ वर्ष उमेर समुहका विद्यार्थीहरुमा ४.७६% छात्र र ३.४५% छात्रा रहेको छ । ४.७६% छात्र प्रविणता तह उत्तीर्ण गरिसके पछि आफ्नो घरायसी आर्थिक संकटका कारण रोजगारमा संलग्न हुनु परेको र आफ्नो पढाईलाई निरन्तरता दिन नसकेका कारण बिचैमा पढाई छोड्नु पर्ने बाध्यता रहेको हुनाले पछि आफ्नो घरको आर्थिक संकटलाई आफुले कम गर्न सफल भए पश्चात आफ्नो पढाईलाई फेरी निरन्तर रुपमा संचालन गरिरहेको उत्तरदाता बताउँछ र ३.४५% छात्रा विवाह भए पश्चात आफ्नो घरायसी कामको व्यस्तता तथा बालबच्चा हुर्काउनका लागि समयको खाँचो परेको हुँदा पढाई बिचैमा छाड्नु पर्ने स्थिति सिर्जना भएका कारण पछि आफ्नो बालबच्चा हुर्काए पश्चात पुनः आफ्नो पढाईलाई निरन्तरता दिएको बताउँछ । त्यस्तै २७ देखी २९ उमेर समुहका १९.०५% छात्र र ६.९०% छात्रा मध्ये ९.५२% छात्र प्रविणता तहमा एक विषयमा अनुतिर्ण भएका कारण स्नातक तहमा अलि ढिलो भर्ना गर्न परेको बताउँछन् । त्यस्तै ६.९०% छात्र चाँही SLC पास गरे पश्चात आफ्नो घरायसी समस्याका कारण पढाई केही समयको लागि स्थगित गरि पुनः केही वर्ष पछि निरन्तरता दिएको बताउँछन् र ६.९०% छात्राहरु प्रविणतनमा बाँधिएका कारण केही वर्ष स्नातक तहमा भर्ना नगरी पछि पढाईलाई निरन्तरता दिनु पर्ने आवश्यकता महसुस गरेका कारणले पुनः भर्ना गरेको बताउँछन् ।

### ४.६.२ धर्म

उत्तरदाताहरुको धर्मको विवरण पनि अध्ययनको त्रममा संकलन गरिएको थियो । जस अनुसार उत्तरदाताको धर्मको विवरण तालिका नं. २ मा दिइएको छ ।

### तालिका नं. २ : धर्मको आधारमा उत्तरदाताको विवरण

| क.सं. | धर्म | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | हिन्दु | १५ | २१ | ७२.४३% | ७२.४१% | ३६ | ७२% |
| २ | बौद्ध | ६ | ८ | २८.५७% | २७.५९% | १४ | २८% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोतः स्थलगत अध्ययन, २०७२*

तालिका नं. २ हेर्दा हिन्दु धर्म मान्ने विद्यार्थीहरु बढी (७२%) रहेको छ । इलाम जिल्लामा २०६८ सालको जनगणना अनुसार ५८.९८% जनसंख्या हिन्दु धर्म मान्ने रहेका छन् । जसले गर्दा मंगलबारे बहुमुखी क्याम्पसमा पनि हिन्दु धर्म मान्ने विद्यार्थीहरु बढी हुन गएको हो ।

### ४.६.३ परिवारको प्रकार

### तालिका नं. ३ : परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण

| क.सं. | परिवारको किसिम | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | संयुक्त | १० | १३ | ४७.६२% | ४४.८३% | २३ | ४६% |
| २ | एकल | ११ | १६ | ५२.३८% | ५५.१७% | २७ | ५४% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्र स्रोतः स्थलगत अध्ययन, २०७२*

तालिका नं. ३ हेर्दा संयुक्त परिवार भन्दा एकल परिवारमा बस्ने बढी रहेको देखिन्छ । संयुक्त परिवारमा नेपालीहरु बस्ने दिन प्रतिदिन कम हुँदै गइरहेको छ । विभिन्न रोजगारको स्थिति, धरायसी समस्या, आदिको कारणले गर्दा मानिसहरु एकल परिवार तिर अग्रसर भइरहेका छन् । त्यति हुँदा हुँदा पनि संयुक्त परिवारमा बस्ने व्यक्तिहरु पनि त्यति

कम भएको छैन । बच्चा बच्चीलाई हुर्काउन, आय स्रोत परिवारको एक व्यक्तिमा मात्र सिमित भएको, जग्गा जमिनलाई भागबण्डा नलाएको, आदि कारणले गर्दा संयुक्त परिवारमा पनि मानिसहरु अहिलेको परिस्थितिमा पनि बसिरहेको देखिन्छ ।

### ४.६.४ **वैवाहिक स्थिति**

उत्तरदाताहरुको वैवाहिक स्थितिलाई तालिका नं. ४ मा दिइएको छ ।

**तालिका नं. ४ : वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | वैवाहिक स्थिति | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | विवाहित | ५ | १० | २३.८१% | ३४.४८% | १५ | ३०% |
| २ | अविवाहित | १६ | १९ | ७६.१९% | ६५.५२% | ३५ | ७०% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. ४ हेर्दा ३०% विद्यार्थीहरु विवाहित रहेका छन् । जसमा तालिका नं. १ मा दिए अनुसार ३० वर्षका ३.४५%, २९ वर्षका ६.९०%, २६ वर्षका १३.७९%, २५ वर्षका ६.९०% र २१ वर्षका ३.४५% छात्राहरु रहेको भने ३२ वर्षका ४.७६%, २८ वर्षका ९.५२% र २६ वर्षका ९.५२% छात्रहरु रहेको अनुसन्धानको क्रममा देखिएको छ ।

### ४.६.५ **जात/जाति**

अध्ययनको उद्देश्य प्राप्त गर्नका लागि विद्यार्थीहरुको जात/जातिको विवरण पनि जान्नु पर्ने जरुरी भएकोले उत्तरदाताको जात/जातिको विवरण तालिका नं. ५ मा दिइएको छ ।

### तालिका नं. ५ : जात/जातिका आधारमा उत्तरदाताको विवरण

| क.सं. | जतियता | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | ब्राहमण | ५ | ६ | २३.८१% | २०.६९% | ११ | २२% |
| २ | क्षेत्री | २ | ६ | ९.५२% | २०.६९% | ८ | १६% |
| ३ | जनजाति | १० | १० | ४७.६३% | ३४.४८% | २० | ४०% |
| ४ | दलित | २ | ३ | ९.५२% | १०.३४% | ५ | १०% |
| ५ | अन्य | २ | ४ | ९.५२% | १३.७९% | ६ | १२% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. ५ हेर्दा जनजाति वर्गका विद्यार्थीहरु अरु जातिका तुलनामा बढी देखिन्छ । जनजातिमा नेवार, लिम्बु, राई र तामाङ्ग, लामा र गुरुङ्ग जातिका व्यक्तिहरु रहेका छन् । त्यस्तै ब्रामहण/क्षेत्रीमा मध्ये २३.८१% छात्र र २०.६९% छात्रा ब्राहमण रहेका छन् भने ९.५२% छात्रहरु र २०.६९% छात्राहरु क्षेत्री जातिका रहेको अनुसन्धानको क्रममा देखिएको छ । दलितमा विश्वकर्मा, नेपाली, सुन्दास  थरका विद्यार्थीहरु रहेका छन् भने अन्य थरमा गिरी, पुरी रहेका छन  । इलाममा २०६८ को जनगणना अनुसार ४५.३६% मानिसहरु जनजाति रहेका छन् । त्यसकारण अध्ययन क्षेत्रमा पनि जानजाति विद्यार्थीहरु बढी हुन गएको हो ।

### ४.६.६ पेशा

अध्ययनको उद्देश्य प्राप्त गर्न विद्यार्थीहरुको पढाई बाहेक अन्य के व्यवसायमा संलग्न छन् त्यसको खोजी गर्नु पनि अत्यावश्यक रहन्छ । त्यसकारण विद्यार्थीहरु पढाई बाहेक अन्य व्यवसायमा संलग्नताको विवरणलाई तालिका नं. ६ मा दिइएको छ ।

**तालिका नं. ६ : पेशाका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | व्यवसाय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | नोकरी | १२ | १६ | ५७.१४% | ५५.१७% | २८ | ५६% |
| २ | व्यापार | ५ | ३ | २३.८१% | १०.३४% | ८ | १६% |
| ३ | आर्थिक कारोबारमा संलग्न नभएका | ४ | १० | १९.०५% | ३४.४८% | १४ | २८% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोतः स्थलगत अध्ययन, २०७२*

तालिका नं. ६ हेर्दा ५६% विद्यार्थीहरु नोकरीमा संलग्न भएको देखिन्छ । ती मध्ये ४७.१९% छात्र तथा ४४.८३% छात्राहरु घरको आर्थिक स्थिति न्यून भएकोले आफ्नो अभिभावकसँग आफ्नो पढाईलाई चाहिने खर्च पुऱ्याउन नसक्ने भएकोले आफैले नोकरी गरी आफ्नो पढाईलाई निरन्तरता दिइरहेको उत्तरदाता बताउँछन् भने ९.५२% छात्र र १०.३४% छात्राहरु आत्मनिर्भर बन्नका लागि तथा घर भन्दा बाहिर बसेर अध्ययन गर्ने भएकोले बिहान क्याम्पस जाने र दिउँसो समय पट्यार लाग्दो हुने भएकोले नोकरी गर्दैआएको उत्तरदाता बताउँछन् । व्यापारमा संलग्न २३.८१% छात्रहरु र १०.३४% छात्राहरु आफ्नो अभिभावकको पेशालाई निरन्तरता दिनका लागि साथै दिउँसोको समयलाई सदुपयोग गर्न व्यापारमा संलग्न भएको बताउँछन् । १९.०५% छात्रहरु र ३४.४८% छात्राहरु कुनै पनि आर्थिक कारोबारमा संलग्न नभएको बताउँछन् । तर ती मध्ये ९.५२% छात्रहरु र १३.७९% छात्राहरु समाजसेवामा संलग्न रहेको बताउँछन् । आफ्नो रुचिले र समाज सेवा गर्दा मनमा खुशी हुने भएकोले समाजसेवामा संलग्न भएको उनीहरु बताउँछन् ।साथ साथै ९.५२% छात्रहरु र ६.९०% छात्राहरु राजनीतिमा संलग्न रहेको बताउँछन् । उनीहरु आफ्नो यस क्षेत्रमा रुची भएको हुँदा संलग्न भएको बताउँछन् । त्यस्तै नोकरी र सामाजसेवामा संलग्न भएका छात्रछात्राहरु आफ्नो रुचीका कारण र आफ्नो कुनै पेशा भएमा अरुले हेर्ने दृष्टिकोण पनि फरक हुने भएकोले गर्दा नोकरी तथा समाजसेवामा संलग्न भएको बताउँछन् भने

१३.७९% छात्राहरु शुद्ध विद्यार्थी रहेको बताउँछन् जो अरु कुनै व्यवसायमा संलग्न भएका छैनन् ।

त्यस्तै गरी विद्यार्थीहरुको साथसाथै अभिभावकहरुको पेशा बारे पनि थाहा पाउन जरुरी भएको हुनाले अभिभावकले अपनाएका पेशालाई तालिका नं. ७ मा दिइएको छ ।

**तालिका नं. ७ : उत्तरदाताका अभिभावकको पेशा**

| क.सं. | पेशा | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | कृषि/पशुपालन | ९ | ११ | ४२.८६% | ३७.९३% | २० | ४०% |
| २ | व्यापार | ६ | ४ | २८.५७% | १३.७९% | १० | २०% |
| ३ | रोजगार | ३ | ४ | १४.२९% | १३.७९% | ७ | १४% |
| ४ | कृषि+व्यापार | १ | ३ | ४.७६% | १०.३४% | ४ | ८% |
| ५ | कृषि+रोजगार | २ | ४ | ९.५२% | १३.७९% | ६ | १२% |
| ६ | अन्य | ० | ३ | ०% | १०.३४% | ३ | ६% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. ७ हेर्दा ४०% विद्यार्थीहरुको अभिभावक कृषि/पशुपालनमा संलग्न भएको उत्तरदाता बताउँछन् । उनीहरुको प्रमुख आयको स्रोत नै कृषि रहेको बताउँछन् । नेपाल एक कृषि प्रधान देश हो । नेपालका धेरै जसो नागरिकहरु कृषिमा नै आश्रित छन् । त्यसकारण उत्तरदाता मध्ये ४०% अभिभावकहरु पनि पुर्णरुपमा कृषिमा नै आश्रित रहेको बताउँछन् । त्यस्तै २०% अभिभावकहरुको आफ्नो जग्गा जमिन नभएकोले व्यापार व्यवसाय गरि आफ्नो घर चलाइरहेको उत्तरदाता बताउँछन् । यसमा पनि विशेष गरि नेवार जातिका रहेको अनुसन्धानको क्रममा देखिन्छ । त्यस्तैगरी १४% विद्यार्थीका अभिभावकहरु रोजगारमा संलग्न भएको बताउँछन् । त्यसमा पनि ६.९०% छात्रा र ४.७६% छात्रको अभिभावक शिक्षक र ९.५२% छात्र र ६.९०% छात्राका अभिभावकहरु सरकारी कार्यालयमा काम गरिरहेको उत्तरदाता बताउँछन् । जग्गा जमिन थोरै भएको र जग्गा जमिनबाट उत्पादन

भएको अन्न वर्षभरी खान नपुग्ने भएकोले ८% विद्यार्थीहरुको अभिभावकले कृषिका साथसाथै सानो तिनो व्यापार पनि गरिरहेको उत्तरदाता बताउँछन् । त्यस्तै थोरै जग्गा जमिन र रोजगारमा पनि संलग्न ६% विद्यार्थीहरुको अभिभावक रहेको साथै अन्य व्यवसाय जस्तै: ज्यालादारी, ठेक्का पट्टा, आदि गर्ने अभिभावकहरु ६% रहेको उत्तरदाता बताउँछन् ।

### ४.६.७ मुख्य विषय

विद्यार्थीहरुको रुची अनुसार उनीहरुले लिने मुख्य विषय पनि फरक पर्ने भएकोले अध्ययनको क्रममा उनीहरुले अध्ययन गर्ने मुख्य विषय बारे जानकारी लिइएको थियो । उत्तरदाताहरुले अध्ययन गर्दै आइरहेको मुख्य विषयलाई तालिका नं. ८ मा दिइएको छ ।

**तालिका नं. ८ : मुख्य विषयका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | विषय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | अंग्रेजी | ४ | ५ | १९.०५% | १७.२४% | ९ | १८% |
| २ | नेपाली | ६ | ९ | २८.५७% | ३१.०३% | १५ | ३०% |
| ३ | जनसंख्या | ६ | १० | २८.५७% | ३४.४८% | १६ | ३२% |
| ४ | अर्थशास्त्र | १ | १ | ४.७६% | ३.४५% | २ | ४% |
| ५ | स्वास्थ्य, शारीरीक | ४ | ४ | १९.०५% | १३.७९% | ८ | १६% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. ८ लाई हेर्दा अध्ययन क्षेत्रमा जनसंख्या विषय लिई अध्ययन गर्ने सबैभन्दा बढी ३२% रहेको छ । त्यस्तै सबै भन्दा कम अर्थशास्त्र विषय ४% रहेको छ । कारण जनसंख्या विषय सजिलो भएको भनी १४.२९% छात्र र २०.६९% छात्राहरु बताउँछन् भने ४.२९%छात्र र १३.७९% छात्राहरुले आफ्नो रुचि तथा नयाँ विषय भएकोले जनसंख्या विषय लिएको बताउँछन् । साथै ४.७६% छात्र र ३.४५% छात्राहरु भविष्यमा अर्थशास्त्र विषयले शिक्षणपेशामा राम्रो अवसर पाउने भएकोले अर्थशास्त्र विषय लिई अध्ययन गरेको भनीउत्तरदाताबताउँछ ।

#### ४.६.८ क्याम्पसको दुरी

विद्यार्थीहरुको वासस्थानबाट क्याम्पसमा पुग्न लाग्ने समयको कारण विद्यार्थीहरुको शिक्षामा प्रभाव पर्ने भएको हुँदा क्याम्पस पुग्न लाग्ने समयको पनि जानकारी लिइएको थियो । जसलाई तालिका नं. ९ मा दिइएको छ ।

**तालिका नं. ९ : क्याम्पस जान लाग्ने समयको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | समय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | ५-१० मि. | १ | २ | ४.७६% | ६.९०% | ३ | ६% |
| २ | १०-१५ मि. | ७ | ६ | ३३.३३% | २०.६९% | १३ | २६% |
| ३ | १५-२० मि. | ५ | ९ | २३.८१% | ३१.०३% | १४ | २८% |
| ४ | २०-२५ मि. | २ | ४ | ९.५२% | १३.७९% | ६ | १२% |
| ५ | २५-३० मि. | ४ | ५ | १९.०५% | १७.२४% | ९ | १८% |
| ६ | १ घण्टा-माथि | २ | ३ | ९.५२% | १०.३४% | ५ | १०% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. ९ हेर्दा सबै भन्दा बढी २८% विद्यार्थीहरुको घरबाट क्याम्पस सम्म जान १५-२० मि. र सबै भन्दा कम ६% लाई ५-१० मि. लाग्ने उत्तरदाताहरु बताउँछन् ।साथै २६% लाई १०-१५ मि., १८% लाई २५-३० मि., १२% लाई २०-२५ मि. र १०% लाई १ घण्टा भन्दा माथि लाग्ने उत्तरदाता बताउँछन् । समग्र उत्तरदाता मध्ये ५५% विद्यार्थीहरु घर देखि टाढा डेरामा बसि अध्ययन गरिरहेको बताउँछन् भने बाँकी ४५% विद्यार्थीहरु आफ्नो घर देखि नै क्याम्पसमा अध्ययन गर्न आउनु पर्ने बताउँछन् । ती मध्ये ३७.९३% छात्राहरु र ६१.९०% छात्रहरु डेरामा बसि अध्ययन गरिरहेको बताउँछन् भने बाँकी ६२.०७% छात्राहरु र ३८.१०% छात्रहरु घर देखि नै अध्ययन गर्न क्याम्पस आउने गरेको बताउँछन् ।

# अध्याय - पाँच

## विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने तत्वहरु

प्रस्तुत अध्ययनमा अध्ययन क्षेत्रमा लिइएका उत्तरदाताहरुको व्यक्तिगत विवरण, पारिवारिक विवरण तथा विद्यार्थीको शिक्षामा प्रभाव पार्ने तत्वहरुको विश्लेषण गरिएको छ । जसलाई स्थलगत अध्ययनबाट सम्पुर्ण तथ्याङ्कहरुको विश्लेषण गरिएको छ । ती तथ्याङ्कहरुलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ५.१ समाजिक

इलामका अधिकांश मानिसहरु हिन्दू तथा बौद्ध दर्शन तथा संस्कृति बाट प्रेरित छन् । यो संस्कृतिको मुल्य मान्यता राम्रो नराम्रो जे जस्तो भए पनि आफ्नो धर्म मानि मानिसहरु आजको आधुनिक समाजमा पनि निभाई रहेका छन् । जसले विद्यार्थीहरुको अध्ययनमा सकारात्मक तथा नकारात्मक प्रभाव परि रहेका छन् । जसलाई निम्नानुसार दिइएको छ ।

### ५.१.१ राजनीति

उत्तरदाता मध्ये ८% विद्यार्थीहरु क्याम्पसको स्ववियूमा सदस्यको रुपमा रहेर काम गर्दै आइरहेको बताउाछन् । ती मध्ये ६.९०% छात्रा र ९.५२% छात्रहरु रहेको उत्तरदाता बताउँछन् । राजनीतिमा प्रत्यक्ष रुपमा संलग्न भएकाले उनीहरु क्याम्पसमा संचालन भइरहेको कक्षाहरु नियमित रुपमा सहभागी नरहेको बताउँछन् । त्यसको बाबजुट पनि राजनीतिमा संलग्न रहेका विद्यार्थीहरुले अध्ययन र राजनीतिलाई छुट्टाछुट्टै रुपमा हेर्ने भएकाले उनीहरुको शिक्षामा त्यति प्रभाव नपरेको भनी उत्तरदाता बताउँछन् ।

तर अन्य ४१.३८% छात्रा र ३८.१०% छात्रहरुले क्याम्पसमा भईरहेको राजनीतिकरणका कारण नियमित रुपमा कक्षा संचालन नहुने, बन्द हड्ताल, तोडफोड, स्ववियू चुनाव, आदि जस्ता समस्याले गर्दा अध्ययन अध्यापनमा असर परेको बताउँछन् । क्याम्पसको मात्र नभई सिंगो देशको राजनीतिक स्थिति राम्रो नभएको कारण कहिले शैक्षिक संस्था बन्द हुने, कहिले यातायात बन्द हुने कारणले नियमित रुपमा क्याम्पस अध्ययन गर्न जान नपाएको बताउँछन् । साथै नेताहरु कक्षा कोठामा आई विभिन्न थरिका विज्ञापन गरि

कक्षाको वातावरण असन्तुलन गर्ने गरेको बताउँछन् । जसले गर्दा विद्यार्थीहरुको अध्ययन अध्यापनमा प्रत्यक्ष रुपमा प्रभाव परिरहेको छ ।

### ५.१.२ घरायसी काम

नेपाली समाज एक पितृसत्तात्मक समाज हो । जहाँ घरका छोरी चेलीहरु घरायसी काममा बढी व्यस्त भएको देखिन्छ । यस्तै समस्या अध्ययन क्षेत्रको पनि रहेको छ । तालिका नं. १ मा दिइएको ५८% (२९ जना) छात्राहरु मध्ये ३४.४८% छात्राहरु घरायसी कामका कारण सधै क्याम्पसमा अध्ययन गर्न जान भ्याउँदैनन् भनी बताउँछन् । वर्षाको समयमा खेत रोप्ने काममा महिनौ विद्यार्थीहरुले समय दिनु पर्ने हुन्छ । खेत रोप्न जान नपरे पनि घरका काम काजहरु गर्नु पर्ने र खेतालाहरुलाई खाजा तथा खानाको व्यवस्था गर्नु पर्ने हुन्छ । जसको कारण उनीहरु क्याम्पसमा अध्ययन गर्न जान भ्याएका हुँदैनन् भने घरमा पनि पढ्ने समय मिलेको स्थिति हुँदैनभनी उत्तरदाता बताउँछन् । तालिका नं. ९ मा दिए अनुसार २३.८१% छात्रहरु जो घर भन्दा टाढा डेरामा रहि अध्ययन गरिरहेका छन् उनीहरु घर गएको समयमा घरायसी काममा समय दिन्छन् तर छात्राहरुको तुलनामा निकै कम दिएको बताउँछन् । छोराहरुलाई अभिभावकहरुले दबाब दिए पनि खासै काम गर्ने गरेका छैनन् भने ३७.९३% छात्राहरुलाई घरायसी काम पर्ने बाध्यता रहेको अभिभावक पनि बताउँछन् । त्यसमा पनि छोरीको तुलनामा तालिका नं. ४ मा दिइएको ३४.४८% विवाहित छात्राहरु मध्ये १७.२४% लाई घरायसी कामको चपेटा बढी रहेको बताउँछन् । यी विवाहित छात्राहरुले घरायसी काम गरेन भने घरका सदस्यका साथसाथै छरछिमेकले पनि कुरा काट्ने तथा विभिन्न लालछना लगाउने भएकोले असल बुहारीको भुमिका निभाउँदा निभाउँदै अध्ययनबाट टाढा भएको स्थिति रहेको विवाहित उत्तरदाता बताउँछन् । साथै तालिका नं. ५ मा दिइएको ४१.३८% ब्राहमण/क्षेत्री छात्राहरु मध्ये ३१.०३% यो समस्याबाट बढी पिडीत रहेको बताउँछन् । अभिभावकको आर्थिक स्थिति कमजोर हुने ५५% विद्यार्थीहरुले बाहिरी कामका साथसाथै घरका काममा पनि समय बढी दिनु पर्ने उत्तरदाता बताउँछन् । त्यसमा पनि तालिका नं. ३ मा रहेको ५४% एकल परिवार भएका विद्यार्थीहरु मध्ये २५% का घरमा काम गर्ने अरु सदस्य नभएकाले यस्ता कार्यमा बढी संलग्न भएको बताउँछन् । बिष्ट (२००४) का अनुसार, “परिवारको जेठो छोरा वा छोरी भएको नाताले परिवारलाई समर्थन गर्न थप जिम्मेवारी बहन गर्न परिरहेको हुन्छ, जसले गर्दा निरन्तर विद्यालय जान सकिरहेको

हुँदैनन् । त्यस्तै परिवारको मुख्य व्यक्तिको अनुपस्थितिमा सबै जिम्मेवारी सानो बच्चामा आउने गर्दछ" । जसले गर्दा उनीहरुको शिक्षामा प्रभाव परिरहेको छ ।

### ५.१.३ शैक्षिक

यस अन्तर्गत अभिभावकको शैक्षिक योग्यता, विद्यार्थीको अध्ययन प्रति रुचि, अध्यापन शैली, शिक्षक विद्यार्थीको सम्बन्ध, शैक्षिक सामाग्रीको उपयोग, शैक्षिक क्षेत्रको वतावरण, अतिरिक्त क्रियाकलाप, आन्तरिक परीक्षा र अध्ययन सम्बन्धी छलफल शिर्षकमा चर्चा गरिएको छ ।

#### (क) अभिभावकको शैक्षिक योग्यता

अभिभावकको शैक्षिक योग्यताले विद्यार्थीको अध्ययनमा प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । उत्तरदाता विद्यार्थीहरुका अभिभावकहरु शिक्षित छन् भने उनीहरुले आफ्ना सन्ततीहरुलाई अध्ययनको उचित वातावरण मिलाई दिने गरेको पाइन्छ । उत्तरदाताहरुका अभिभावकको शैक्षिक योग्यताको विवरण तालिका नं. १० मा दिइएको छः

**तालिका नं. १० : अभिभावकको शैक्षिक योग्यताका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | योग्यता | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | साक्षर | ७ | ९ | ३३.३३% | ३१.०३% | १६ | ३२% |
| २ | प्राथमिक | ० | ४ | ०% | १३.७९% | ४ | ८% |
| ३ | निम्न माध्यमिक | ३ | २ | १४.२९% | ६.९०% | ५ | १०% |
| ४ | माध्यमिक | ३ | ४ | १४.२९% | १३.७९% | ७ | १४% |
| ५ | उच्च माध्यमिक | ८ | १० | ३८.१०% | ३४.४८% | १८ | ३६% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोतः स्थलगत अध्ययन, २०७२*

तालिका नं.१० हेर्दा उच्च माध्यमिक तह उत्तीर्ण गरेका उत्तरदाताका अभिभावक ३६% रहेको उत्तरदाता बताउँछन् । बाँकी ६४% को शैक्षिक योग्यता निम्न रहेको बताउँछन् । तालिका नं. ५ मा दिइएको ३८% ब्राम्हण क्षेत्री र ४०% जनजाति मध्ये क्रमशः ६३.१६% र ५५% उच्च माध्यमिक तह उत्तीर्ण गरेका छन् भनी बताउँछन् । ४०% उच्च शिक्षा हासिल गरेका अभिभावकहरुमा शिक्षाको महत्व राम्ररी थाहा भएकाले उनीहरु आफ्ना छोराछोरी शिक्षित भएको हेर्न चाहन्छन् । आफ्ना छोराछोरीहरुलाई अध्ययनका लागि नियमित पृष्ठपोषण र उत्प्रेरणा दिने गरेको जसले गर्दा विद्यार्थीहरुको अध्ययनमा सकारात्मक प्रभाव परेको बताउँछन् । तर बाँकी ६०% केही शिक्षित अभिभावकका छोराछोरीहरु उचित शैक्षिक वातावरण पाए पनि अध्ययनमा कमजोर भएको अनुसन्धानको क्रममा देखिन्छ किनकी विद्यार्थीहरुले अध्ययनलाई त्यति महत्वका साथ लिने गरेका छैनन् साथै अभिभावकले पनि आफ्नो छोराछोरी कहाँ, के, कस्तो, अध्ययन गरिरहेका छन् त्यति चाँसो नदिइएको उत्तरदाता बताउँदछन् भने २५% विद्यार्थीहरु अध्ययनमा अब्बल छन् तर उनका बाबुआमाले उच्च शिक्षा हासिल नगरेको बताउँछन् । कारण उनीहरुमा अध्ययन गर्नु मानिसको प्रमुख आवश्यकता हो भन्ने विचार विद्यमान छ भने उनीहरुका अभिभावकहरुले जानकारीको लागि भए पनि आफ्ना छोराछोरीको अध्ययनको बारे छलफल गर्ने गरेको बताउँछन् ।

### (ख) विद्यार्थीहरुको अध्ययन प्रति रुचि

हरेक मानिसको आफ्नो एउटा लक्ष्य हुन्छ । भविष्यमा डाक्टर, इन्जिनियर, शिक्षक, ड्राइभर, डान्सर, गायक, संगितकार, आदि बन्ने उद्देश्यहरु हुन्छ । त्यहि उद्देश्यलाई प्राप्त गर्न उद्देश्य अनुसार अध्ययन गर्ने विषय छनौट गर्नु पर्दछ । छनौटको विषय अध्ययन गरेका विद्यार्थीहरु शैक्षिक रुपमा सफल रहेका देखिन्छन् । फलस्वरुप उनीहरु भविष्यमा सफलताको शिखर चुम्न सक्षम हुन्छन् । यस्तै रुची अध्ययन क्षेत्रका उत्तरदाताहरुमा पनि रहेको छ । उत्तरदाताहरुको रुचीको विषयहरु तालिका नं. ११ मा दिइएको छ ।

**तालिका नं. ११ : अध्ययन विषय रुचीका आधारमा उत्तरदाताको विवरण**

| क.सं. | विषय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | अंग्रेजी | ४ | ४ | १९.०५% | १३.७९ % | ८ | १६% |
| २ | नेपाली | ५ | ७ | २३.८1% | २४.१४% | १२ | २४% |
| ३ | अर्थशास्त्र | ३ | ४ | १४.२९% | १३.६९% | ७ | १४% |
| ४ | जनसंख्या | ३ | ५ | १४.२९% | १७.२४% | ८ | १६% |
| ५ | स्वास्थ्यशारिरिक | २ | ४ | ९.५२% | १३.७९% | ६ | १२% |
| ६ | गणित | २ | २ | ९.५२% | ६.८९% | ४ | ८% |
| ७ | अन्य | २ | ३ | ९.५२% | १०.३४% | ५ | १०% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. ११ हेर्दा सबै भन्दा बढी २४% नेपाली विषय पढ्न रुची भएको बताउँछन् तर तालिका नं. ८ मा दिए अनुसार ३४% विद्यार्थीहरुले नेपाली विषय लिएर अध्ययन गरिरहेको उत्तरदाता बताउँछन् । त्यस्तै सबैभन्दा कम १४% अर्थशास्त्र विषयमा रुचि भएको बताउँछन् तर तालिका नं. ८ मा दिए अनुसार १८% विद्यार्थीहरुले मात्र अर्थशास्त्र विषय लिई अध्ययन गरिरहेको बताउँछन् । त्यस्तै अंग्रेजी विषयमा रुचि हुनेहरु १६% रहेको बताउँछन् भने २२% विद्यार्थीहरुले अंग्रेजी विषय लिई अध्ययन गरिरहेको तालिका नं. ८ मा दिइएको छ । स्वास्थ्यशारिरिक विषय लिई अध्ययन गर्ने ९.५२% छात्र र १३.७९% छात्राहरु आफुले चाहेको विषय अध्ययन गरिरहेको उत्तरदाता बताउँछन् ।१६% तालिजनसंख्या विषयमारुची  हुने उत्तरदाता कसैले पनि आफ्नो रुचीको विषय अध्ययन गर्न पाएको स्थिति छैन भनी उत्तरदाता बताउँछन् । ८% गणितविषयमारुची  हुने उत्तरदाता कसैले पनि आफ्नो रुचीको विषय अध्ययन गर्न पाएको स्थिति छैन भनी उत्तरदाता बताउँछन घर नजिकको क्याम्पसमा आफुले अध्ययन गर्न चाहेको विषयवस्तु नहुनु, आफुले चाहेको विषयवस्तु अध्ययन गर्न परिवारको आर्थिक स्रोतले नभ्याउनु, अभिभावकको दबाब, विषयवस्तु छनौटमा अन्यौलता, आदि कारणले गर्दा उत्तरदाताले आफुले चाहेको विषय

अध्ययन गर्न नपाएको भनी बताउँछन् ।३४% विद्यार्थीहरु आफ्नो रुचि भएको विषय अध्ययन गर्न सहरी क्षेत्रमा जानुपर्ने स्थिति छ, तर आफ्नो पारिवारिक समस्या तथा आर्थिक समस्याका कारण सहर गई अध्ययन गर्ने अवसर पाई रहेको छैन भनी बताउँछन् । ती मध्ये ३३.३३% छात्रहरु र ३४.४८% छात्राहरुलाई घरबाट टाढा अध्ययन गर्न नपठाएको बताउँछन् । जसले गर्दा स्थानिय क्याम्पसमा उनीहरुले अध्ययन गर्ने विषय प्रति रुचि नभएको बताउँछन्, त्यसैले अध्ययनसँग हेलचेक्राई गरिरहेको अवस्था छ । यसलाई हेर्दा के देखिन्छ भने छात्रका तुलनामा छात्राहरुलाई घरबाट अध्ययनका लागि बाहिर पढाएको देखिदैन । बिष्ट (२००४) का अनुसार, "सामाजिक तथा साँस्कृतिक विश्वासका कारण केटाहरुलाई जसे केटीहरुलाई नेपाली समाजमा व्यवहार देखाउने गरेको छैन । केटी तथा महिला विरुद्धको विभेदकारी मूल्य मान्यता नेपाली सँस्कृति र समाजमा चलिआएको छ । चाँडो विवाह, सामाजिक मूल्य मान्यता, आदिले महिलाहरु शिक्षामा पुरुष सरह अगाडी बढ्न सकेको छैन" । जसको कारणले छात्राहरु नियमित कक्षा लिन क्याम्पस गई गरेको पनि देखिदैन । साथै अभिभावकको दबाबले ९.५२% छात्र र १०.३४% छात्राहरु अभिभावकले चाहेको विषय अध्ययन गरिरहेको बताउँछन् । स्थानिय स्तरमा रोजगारको अवसर के छ, त्यही विषय अध्ययन गर्न अभिभावकको दबाब बढी भएको बताउँछन् किनकी आफ्ना छोराछोरीलाई आफु र घर परिवार देखि टाढा पठाउन अभिभावकको सहमती नभएको बताउँछन् । त्यसमा पनि तालिका नं. १० मा दिइएको ३६% उच्च शिक्षा भएका अभिभावक मध्ये २७% अभिभावकका विद्यार्थीहरुले आफ्नो रुचीका विषय वस्तु अध्ययन गरिरहेको बताउँछन् भने जनजाति तथा आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरु स्थानिय स्तरमा कुन विषयको प्राथमिकता बढी छ त्यहि विषय लिई अध्ययन गरिरहेको बताउँछन् । जसले गर्दा विद्यार्थीको अध्ययनमा प्रतिकुल प्रभाव पारिरहेको देखिन्छ ।

### (ग) अध्यापन शैली

विद्यार्थी जति नै मेहनती, अध्ययनशील भएता पनि शिक्षण शैली प्रभावकारी नभएमा कुनै पनि शैक्षणिक क्रियाकलापले आशातित उपलब्धी हासिल गर्न सक्दैन । त्यसकारण विद्यार्थीको अध्ययनमा अध्यापन शैलीले पनि प्रभाव पर्ने गरेको देखिन्छ । शोधरत क्याम्पसमा शिक्षण विधिहरुमा भाषण, व्याख्यान, प्रयोगात्मक, छलफल, नोट लेखाउने विधिहरु अपनाउने गरेको उत्तरदाता बताउँछन् । तर क्याम्पसमा भएका ८०% शिक्षकहरुले भाषण तथा

व्याख्यान विधि अपनाई अध्यापन गराउने गरेको उत्तरदाता बताउँछन् । उत्तरदाताका अनुसार व्याख्यान तथा भाषण विधि बारे धारणालाई तालिका नं. १२ मा दिइएको छ ।

**तालिका नं. १२ : व्याख्यान तथा भाषण विधि बारे धारणाका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | विषय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | राम्रो | ५ | ६ | २३.८१% | २०.६९% | ११ | २२% |
| २ | ठिकै | १३ | १८ | ६१.९०% | ६२.०७% | ३१ | ६२% |
| ३ | नराम्रो | ३ | ५ | १४.२९% | १७.२४% | ८ | १६% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तलिका नं. १२ हेर्दा ६१.९०% छात्रहरु र ६२.०७% छात्राहरुलाई भाषण तथा व्याख्यान विधि ठिकै लाग्ने, २३.८१% छात्रहरु र २०.६९% लाई राम्रो तथा १४.२९% छात्रहरु र १७.२४% छात्राहरुलाई नराम्रो लाग्ने बताउँछन् । लगभग ७८% विद्यार्थीहरुलाई भाषण तथा व्याख्यान विधि त्यति मन नपर्ने देखिन्छ । जसले गर्दा कक्षाको वातावरण रमणीय तथा चाखलाग्दो नभएको उनीहरु बताउँछन् ।विद्यार्थीहरु अध्ययन कक्षामा निदाउने, ध्यान नदिने, कक्षाबाट उठेर हिड्ने जस्ता समस्याहरु देखिएको छ । उनीहरुले सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागु कसरी गर्ने भन्ने विषयमा नै अन्यौलता रहेको बताउँछन् । आफुले अध्ययन गरेको विषयलाई भविष्यमा प्रयोगमा ल्याउने तरिका बारे पनि जानकारी नभएको बताउँछन् । हाडा (२०६४) का अनुसार, "तालिम प्राप्त शिक्षकको अभावका कारण गुणस्तरिय शिक्षाका् अभिवृद्धिमा कठिनाई परिरहेको छ । स्तरिय शिक्षाको अभावमा शिक्षाको गुणात्मक विकास गर्ने धारणाले मूर्तरुप लिन सक्दैन" भन्दछ । विद्यार्थीहरुलाई आफ्नो विषय प्रति रुचि बढाउन Project Work, Assessment,जस्ता खोजमूलक विधि अपनाउन आवश्यक देखिन्छ । यससँग सम्बन्धित तस्वीरहरु अनुसुची-४ मा दिइएको छ ।

**(घ) शिक्षक विद्यार्थीको सम्बन्ध**

विद्यार्थी एक किताब हो, जसको हरेक पन्ना शिक्षकले पढ्न जरुरी हुन्छ । विद्यार्थीहरुको बानी, व्यवहार कस्तो छ, उनीहरुको सोचविचार गर्ने शक्ति कति छ, आदि जस्ता कुराहरुको अध्ययन गर्न जरुरी हुन्छ । जसको लागि शिक्षक र विद्यार्थीको सम्बन्ध राम्रो हुन जरुरी छ । विद्यार्थीहरुलाई उत्प्रेरणा, मनोबल, पृष्ठपोषण दिई अध्ययन क्षेत्रमा प्रगती तथा उन्नती गर्न महत्वपुर्ण पक्ष देखिन्छ । विद्यार्थीहरुका अनुसार शिक्षकहरुसँगको सम्बन्ध तालिका नं. १३ मा दिइएको छ ।

**तालिका नं. १३ : शिक्षक विद्यार्थीको सम्बन्धको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | विषय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | राम्रो | ९ | ११ | ४२.८६% | ३७.९३% | २० | ४०% |
| २ | ठिकै | १२ | १८ | ५७.१४% | ६२.०७% | ३० | ६०% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. १३ हेर्दा अध्ययन क्षेत्रमा हेर्दा ४०% विद्यार्थीहरुको सम्बन्ध शिक्षकहरुसँग राम्रो रहेको बताउँछन् । जसले गर्दा विद्यार्थीहरु कक्षामा केही नबुझेका विषयवस्तु बारे निर्धक्कसँग प्रश्नोत्तर गरि स्पष्ट हुने गरेका छन् । तर ६०% विद्यार्थीहरुको सम्बन्ध शिक्षक प्रति ठिकै मात्र रहेको बताउँछन् । मित्रवत सम्बन्ध, सोधेको कुरा सजिलै व्याख्या गरिदिने, सहयोगी, आदि कुरा राम्रो भएको शिक्षकहरुसँग सम्बन्ध राम्रो भन्ने ४०% विद्यार्थीहरु बताउँछन् । तर ६०% विद्यार्थीले उनीहरु क्याम्पस नियमित नआउनु, शिक्षकको शिक्षण विधि विद्यार्थीहरुलाई उपयुक्त नलाग्नु जसले गर्दा कक्षामा उनीहरुले सहभागीता नजनाएको बताउँछन् । ६२.०७% छात्राहरुको सम्बन्ध शिक्षकसँग ठिकै भएका मध्ये २४.१४% र ५७(१४% छात्रहरु मध्ये १९.०५% को घरायसी तथा व्यक्तिगत कारण क्याम्पसमा पढ्न आउन नपाएको बताउँछन् । जसले विद्यार्थीहरु शिक्षकहरुसँग परिचित नभएको बताउँछन् । परिचित भएता पनि सम्बन्ध प्रगाढ भने नरहेको बताउँछन् । ९.५२%

छात्रहरुमा एक प्रकारको घमण्डले पनि जरा गाडी रहेको अनुसन्धानको क्रममा देखिएको छ । विद्यार्थीहरुले चाहेको पुरा नहुँदा शिक्षकहरुलाई नै धम्काउने जस्ता समस्या क्याम्पस परिसरमा रहेको देखिन्छ । हाडा (२००८) का अनुसार, “एक कलाकारले आफ्नो कला देखाए जस्तै गरी प्रभावकारी र गुणस्तरिय शिक्षण गर्न शिक्षको भुमिका सचेततामुलक हुनुपर्दछ । शिक्षण दुई वा दुई भन्दा बढीको संवाद हो जसले एक अर्काको जुक्ति र अन्तरक्रियाको प्रक्रियामा केही सिक्नु हो” । त्यसकारण अध्यापनको क्रममा शिक्षक विद्यार्थीको सम्बन्ध राम्रो हुनु पर्दछ ।

**(ङ) शैक्षिक सामाग्रीको उपयोग**

हरेक क्याम्पसमा पुस्तकालयको व्यवस्था गरिएको हुन्छ । पुस्तकालयको प्रयोग कतिपय विद्यार्थीहरुले लिएका हुन्छन् भने कतिपयले गरेका हुँदैनन् । शोध क्षेत्रका विद्यार्थीहरुले पुस्तकायको प्रयोग गरेको दरलाई तालिका नं. १४ मा दिइएको छ ।

**तालिका नं. १४ : पुस्तकालय प्रयोगका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | विषय | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | बढी भन्दा बढी गर्ने | ३ | ७ | १४.२९% | २४.१४% | १० | २०% |
| २ | आवश्यक परेको बेला | १५ | १७ | ७१.४३% | ५८.६२% | ३२ | ६४% |
| ३ | नगर्ने | ३ | ५ | १४.२९% | १७.२४% | ८ | १६% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. १४ हेर्दा २०% विद्यार्थीहरुले पुस्तकालयमा रहेको शैक्षिक सामाग्रीको प्रयोग बढी भन्दा बढी लिइ उपयोग गरिरहेको बताउँछन् । ६४% विद्यार्थीहरुले पुस्तकालयको उपयोग आवश्यक परेको बेला र १६% ले उपयोग नगर्ने गरेको बताउँछन् । २८.५७% छात्रहरु र ३१.०३% छात्राहरु नियमित क्याम्पस नआउने कारण पुस्तकालयमा कस्ता खालका पुस्तकहरुको व्यवस्था छ र आफ्नो लागि उपयुक्त पुस्तकको छनौट गर्न नसक्नाले पुस्तकालयको प्रयोग उपयुक्त मात्रामा गर्न नसकेको बताउँछन् । साथै क्याम्पसमा

पुस्तकालय भएता पनि धेरैजसो पुस्तकहरु पुराना रहेको अनुसन्धानका क्रममा देखिन्छ । नयाँ तथा विषयवस्तुसँग सम्बन्धित सम्पुर्ण पुस्तकहरुको उपलब्धता पनि नरहेको देखिन्छ । जसले गर्दा विद्यार्थीहरुले क्याम्पसमा भएको अपुर्ण सामाग्रीहरुको प्रयोग गरिरहेका छैनन् । ढकाल (२०४९) का अनुसार, "हाम्रो जस्तो गरिब विद्यालयको आर्थिक स्थिति ज्यादै कमजोर हुनाका कारणले सबै विद्यालयहरुले महङ्गा र आधुनिक शिक्षण सामाग्रीहरु खरिद गर्न सक्दैनन्" । त्यस्तै हाडा (२०६४) का अनुसार, "कक्षा कोठालाई नभईनहुने सामाग्रीहरु खरिद गर्न पनि गाह्रो छ, यस्तो विषम परिस्थितिमा विद्यालयले स्थानीय जनसहभागिता जुटाउनु पर्ने हुन्छ" । यो समस्या अध्ययन क्षेत्रमा पनि देखिन्छ ।

साथै शैक्षिक सामाग्रीहरुको उपलब्धता परिवार र स्वयमं विद्यार्थीहरुले नै व्यवस्था गर्नु पनि जरुरी रहेको छ । तर तालिका नं.  मा दिए अनुसार ४८% आर्थिक स्थिति कमजोर भएका अभिभावकहरु मध्ये २५% अभिभावकबाट शिक्षाका लागि दिनुपर्ने सामाग्रीहरु आर्थिक कमजोरीका कारण उपलब्ध गर्न नसकेको बताउँछन् । साथसाथै तालिका नं. ७ मा दिए अनुसार २६% नोकरी गर्ने विद्यार्थीहरु मध्ये २०.६९% छात्रा र २३.८1% छात्रले आफुलाई चाहिने सामाग्रीहरु पनि समयमा नलिई जब परीक्षा आउँछ त्यो अवस्थामा गेसपेपर मात्र अध्ययन गरि परीक्षा दिने गरेको बताउँछन् । यस्तो अवस्थाले विद्यार्थीहरुको शैक्षिक स्तर खस्कँदै गईरहेको देखिन्छ ।

**(च) शैक्षिक क्षेत्रको वातावरण**

विद्यार्थीहरुको शिक्षाको स्तरमा वृद्धि ल्याउनका लागि शैक्षिक क्षेत्रको वातावरणको मूख्य भूमिका रहन्छ । वातावरण सफा, शान्त, प्रदुषण रहित भएमा त्यस स्थानमा शिक्षण वातावरणले पनि राम्रो हुने गर्दछ । जसले विद्यार्थीहरुमा अध्ययन गर्ने उत्प्रेरणा प्राप्त हुने गर्दछ । शोध क्षेत्रको वातावरणलाई हेर्दा अध्ययनको लागि उपयुक्त रहेको देखिन्छ । क्याम्पस सवारी साधन चल्ने स्थान भन्दा अलि टाढा भएकोले त्यहाँ ध्वनी तथा वायु प्रदुषण नभएको उत्तरदाता बताउँछन् । जसले गर्दा विद्यार्थीहरुको अध्ययनमा बाहिरी अवरोध आएको छैन । साथसाथै अध्ययन क्षेत्रको नजिकै पानीको मुहान भएकोले स्वस्थ खानेपानी तथा हावापानी र शान्त वातावरण भएको देखिन्छ । क्याम्पसका शौचालयहरु पनि व्यवस्थित, छात्र र छात्राहरुलाई छुट्टाछुट्टै शौचालयको व्यवस्था र शौचालयमा पानीको राम्रो व्यवस्था रहेको बताउँछन् । जसले गर्दा तालिका नं. १२ मा दिएको ७८% विद्यार्थीहरुलाई अध्ययन क्षेत्रको

शिक्षण विधि त्यति राम्रो नलागेर कक्षा कोठा रमणीय नभएता पनि विद्यार्थीहरुलाई अध्ययन गर्न क्याम्पसको रमणीय वातावरणले क्याम्पसमा आई अध्ययन गर्न सहयोग गरिरहेको बताउँछन् ।

**(छ) अतिरिक्त क्रियाकलाप**

अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको शिक्षणमा ठूलो योगदान दिएको देखिन्छ । अतिरिक्त क्रियाकलापको प्रभाव स्वरुप विद्यार्थीहरुले सैद्धान्तिक ज्ञान मात्र होइन व्यवहारिक ज्ञान पनि प्राप्त गरिरहेको देखिन्छ । जसले गर्दा विद्यार्थीहरुको बौद्धिक, तार्किक, शारीरिक, मानसिक, आदि क्षमताहरु वृद्धि भएको देखिन्छ । अध्ययन क्षेत्रमा पनि अतिरिक्त क्रियाकलापले ठूलो योगदान दिइरहेको उत्तरदाता बताउँछन् । अध्ययन क्षेत्रमा हाजिरीजवाफ, फुटबल, भलिबल, दौड, निबन्ध प्रतियोगिता, कविता प्रतियोगिता, साँस्कृतिक कार्यक्रम जस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गर्दै आइरहेको बताउँछन् । जसमा विद्यार्थीहरुले सहभागिता जनाएका हुन्छन् । अतिरिक्त क्रियाकलापमा उत्तरदाताहरुले पनि सहभागिता जनाएको बताउँछन् । उत्तरदाताहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता विवरणलाई तालिका नं. १५ मा दिइएको छ ।

**तालिका नं. १५ : अतिरिक्त क्रियाकलापमा उत्तरदाताहरुको संलग्नता विवरण**

| क्र.सं. | क्रियाकलापको प्रकार | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | हाजिरी जवाफ | ३ | ४ | १४.२९% | १३.७९% | ७ | १४% |
| २ | भलिबल/फुटबल | २ | ० | ९.५२% | ०% | २ | ४% |
| ३ | साँस्कृतिक कार्यक्रम | ० | ३ | ०% | १०.३४% | ३ | ६% |
| ४ | निबन्ध/कविता प्रतियोगिता | ० | ५ | ०% | १७.२४% | ५ | १०% |
| ५ | हाजिरीजवाफ/निबन्ध | १ | २ | ४.७६% | ६.९१% | ३ | ६% |
| ६ | भलिबल/फुटबल/दौड | ४ | ० | १९.०५% | ०% | ४ | ८% |
| ७ | केहीमा पनि सहभागिता नहुने | ११ | १५ | ५२.३८% | ५१.७२% | २६ | ५२% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. १५ हेर्दा ५२% विद्यार्थीहरु अतिरिक्त क्रियाकलापमा संलग्न नभएका छन् भने ४८% विद्यार्थीहरु अतिरिक्त क्रियाकलापमा संलग्न भएका छन् । अतिरिक्त क्रियाकलापमा संलग्न विद्यार्थीहरु अध्ययनमा अरु विद्यार्थीको तुलनामा उत्कृष्ट रहेको शिक्षकहरु बताउँछन् । अतिरिक्त क्रियाकलापमा संलग्न भएका ४८% विद्यार्थीहरु मध्ये २७% विद्यार्थीले उनीहरुको विचार गर्ने तथा सोच्ने शक्ति धेरै राम्रो भएको बताउँछन् । जसले गर्दा उनीहरुले अध्ययन गर्दा शिक्षकहरुले भन्न खोजेको कुरा पहिलो पटकमा नै बुझ्ने गरेको बताउँछन् । साथै उनीहरुको लेखाईमा पनि उत्कृष्टता तथा तर्कशीलता रहेको बताउँछन् । श्रेष्ठ, २००८ का अनुसार, “विद्यार्थीहरु विद्यालय बाहिरका कार्यक्रमहरुमा पनि सहभागिता जनाएमा जीवनका लागि चाहिने सिपहरु जस्तैः समय व्यवस्थापन, साहस र समस्या समाधान गर्ने सिप हासिल गर्न सक्दछ । यदि विद्यार्थीहरुको शिक्षामा आत्म निर्देशित सिकार्य अनुभव अपनाएमा यिनीहरुले विभिन्न निर्णयहरु लिन सक्दछन्” । अतिरिक्त क्रियाकलापमा संलग्न नभएका ५२% विद्यार्थीहरु मध्ये ४०% मा भने अध्ययन कमजोर रहेको देखिन्छ । कारण उनीहरु नियमित रुपमा क्याम्पस आएका हुँदैनन् जसले गर्दा क्याम्पसमा के क्रियाकलापहरु संचालन भइरहेका छन् भन्ने कुरा नै जानकारी नभएको स्थिति रहेको बताउँछन् । अतिरिक्त क्रियाकलापमा संलग्न विद्यार्थीहरुमा तालिका नं. ५ मा दिए अनुसार ३८% ब्राम्हण/क्षेत्री मध्ये १५% रहेका छन् भने जनजाति, दलित विद्यार्थीहरुले त्यति सहभागीता नजनाएको बताउँछन् । जसले गर्दा अतिरिक्त क्रियाकलापले अध्ययनमा सकारात्मक प्रभाव परिरहेको देखिन्छ तर क्रियाकलापमा संलग्न नभएका विद्यार्थीहरुले यस्तो अवसर गुमाएका कारण उनीहरुको अध्ययनमा नकारात्मक प्रभाव परेको छ । यससँग सम्बन्धित तस्वीरहरु अनुसुची-४ मा दिइएको छ ।

**(ज) आन्तरिक परीक्षा**

क्याम्पस तथा विद्यालयले गर्ने आन्तरिक परीक्षाले विद्यार्थीहरुको अध्ययनमा ठूलो सघाउ पुगिरेहेको अनुसन्धानको क्रममा देखिन्छ । आन्तरिक परीक्षाले अन्तिम परीक्षालाई ठूलो सहयोग गर्ने गर्दछ । वर्ष भरि अध्ययन गरेर एकै पटक अन्तिम परीक्षा दिँदा विद्यार्थीहरुमा लेख्ने शैलीको विकास भइरहेको हुँदैन । त्यसैले आन्तरिक परीक्षा भएमा विद्यार्थीहरुमा लेख्ने, सोच्ने, स्तरको वृद्धि हुने गर्दछ । जसले गर्दा अन्तिम परीक्षामा उनीहरुको लेख्ने गतिका साथसाथै स्तरिय लेखाई हुने गर्दछ । अध्ययन क्षेत्रमा आन्तिरक

परीक्षा ३-३ महिनामा हुने गरेको उत्तरदाता बताउँछहन् । उक्त परीक्षामा ५०% विद्यार्थीहरुले भाग लिने गरेको बताउँछन् । ५०% मा तालिका नं. ५ मा दिए अनुसार ४०% जनजाति मध्ये ६५%, १०% दलित मध्ये ४०%, ३८% ब्राम्हण/क्षेत्री मध्ये ४२.१२%, र १२% अन्य जातिका मध्ये ३३.३३%  रहेका बताउँछन् । परीक्षामा अध्यापन गराई सकेको विषयवस्तुको आधारमा परीक्षा लिइने गरेको शिक्षकहरु बताउँछन् । अध्यापन गरिसकेको विषयवस्तु विद्यार्थीहरु कतिको जानकार भए, उनीहरुको ज्ञानमा वृद्धि भएकी भएन, आदि जस्ता प्रश्नको उत्तर खोतल्नका लागि लिइएको बताउँछन् ।

आन्तरिक परीक्षाको कारण परीक्षामा भाग लिने २०% विद्यार्थीहरुमा अगाडी देखि नै विषयवस्तुको अध्ययन गर्ने बानीको विकास भएको बताउँछन् । जसले गर्दा विद्यार्थीलाई अन्तिम परीक्षामा मात्र अध्ययन गर्ने बानी कम हुँदै गईरहेको बताउँछन् । जसले गर्दा विद्यार्थीहरु अन्तिम परीक्षामा बढी घोट्नु पर्ने समस्या बाट मुक्त भएका बताउँछन् । कक्षा संचालनको समय देखि नै विद्यार्थीहरुमा अध्ययन गर्ने बानीको विकास भए पश्चात विद्यार्थीहरुले सजिलैसँग विषयवस्तु बुझ्ने गरेको ६६.६७% शिक्षक बताउँछन् । त्यसकारण विद्यार्थीहरु अन्तिम परीक्षा आए पश्चात आत्तिने, निद्रा नलाग्ने, डराउने, आदि समस्या बाट मुक्त भएको बताउँछन् । त्यसैले क्याम्पसले गर्ने आन्तरिक परीक्षाबाट विद्यार्थीहरुमा सकारात्मक प्रभाव परेको देखिन्छ । तर ५०% विद्यार्थीहरु तालिका नं. ५ मा दिए अनुसार ४०% जनजाति मध्ये ३५% जो नियमित क्याम्पस अध्ययन गर्न आउँदैनन् उनीहरु आन्तरिक परीक्षामा पनि संलग्न नभएको बताउँछन् । त्यसकारण एक त उनीहरुको भाषाको समस्याले गर्दा पछि परिरहेका छन् भने अर्को नियमित क्याम्पस अध्ययन गर्न नआउने र परीक्षामा पनि संलग्न नहुनाले गर्दा उनीहरुको शिक्षामा यस्ता कारणले बढी प्रभाव परिरहेको छ । यससँग सम्बधित तस्वीरहरु अनुसुची-४ मा दिइएको छ ।

**(झ) अध्ययन सम्बन्धी छलफल**

क्याम्पसमा आफ्ना छोराछोरीहरु के अध्ययन गरिरहेका छन् ? छोराछोरीहरु नियमित कक्षा लिन जान्छन् कि जाँदैनन् ? छोराछोरीहरुलाई अध्ययन गर्न के के शैक्षिक सामाग्री चाहिन्छ ? यस्ता विषयहरुमा हरेक घरमा छलफल हुन जरुरी हुन्छ । यस बाट आफ्ना छोराछोरी कस्तो बाटो हिँडिरहेका छन् भन्ने कुरा बुझ्न सकिन्छ । अध्ययन क्षेत्रमा हेर्दा तालिका नं. १० मा दिए अनुसार ३२% साक्षर अभिभावक मध्ये ५६.२५% अभिभावक जस

अन्तर्गत पनि ५०% न्यून शैक्षिक स्तर भएका जनजाति तथा ४०% दलित अभिभावकहरुले आफ्नो घरमा छोराछोरीको अध्ययन के भई रहेको छ भनी चाँसो भएको बताउँछन् । अभिभावकहरुले अध्ययन गर्ने मौका नपाए ता पनि आफ्नो बालबाच्चालाई अध्ययन गराउनु पर्छ भन्ने मान्यता रहेको बताउँछन् । जसले गर्दा छोराछोरीको अध्ययनमा के कस्तो फरकपन आईरहेको छ भनी घरमा सरसल्लाह भईरहेको बताउँछन् । तर तालिका नं. १० मा दिए अनुसार ३६% उच्च माध्यमिक शिक्षा हासिल गर्ने अभिभावक मध्ये ६६.६७% अभिभावकहरुले आफ्नो व्यस्त समय भएको र आफ्नो छोराछोरी समझदार छन् भन्ने भावनाले प्रेरित भएकाले घरमा अध्ययन सम्बन्धी छलफल त्यति नभएको बताउँछन् । तालिका नं. १६ मा दिए अुनुसार आर्थिक स्थिति राम्रो भएका २२% अभिभावकहरुले आफ्नो सन्तानलाई चाहिने सम्पुर्ण शैक्षिक सामाग्री उपलब्ध त गराएका छन् तर त्यो सामाग्री सही तरिकाले प्रयोग भई रहेको छ कि छैन भनी अनुगमन भने अभिभावकहरुले नगरेको बताउँछन् । तर ७८% आर्थिक स्थिति न्यून भएका अभिभावकहरु मध्ये ५०% ले शैक्षिक सामाग्री पर्याप्त मात्रामा उपलब्ध गर्न नसकेता पनि सामाग्रीको प्रयोग के कति भईरहेको छ भन्ने बारे चाँसो लिई रहेको बताउँछन् । त्यसकारण आर्थिक स्तर न्यून भएका २०% विद्यार्थीहरुको शिक्षा राम्रो रहेको छ भने आर्थिक स्तर राम्रो भएको ३५% विद्यार्थीहरुमा भने हेलचेक्राईको कारणले गर्दा अध्ययनमा त्यति अब्बल रहेको देखिदैन ।

## ५.२ साँस्कृतिक

### ५.२.१ परम्परागत मूल्य मान्यता

नेपाल एक पितृसतात्मक देश हो । जसको असर इलाम जिल्लामा पनि परेको छ । हाम्रो जस्तो विकासोन्मुख देशमा परम्परागत मूल्य मान्यताले डेरा जमाइरहेको छ । जसले गर्दा छोरा र छोरी बिच भेदभावको दृष्टिकोण अझै पनि विद्यमान् रहेको छ । यस्ता परम्परागत मूल्य मान्यता अहिलेको आधुनिक समाजमा केही कम भएता पनि पुर्ण रुपमा निर्मूल भएको देखिदैन । जसले गर्दा छोरा र छोरीको शिक्षामा ठूलो फरक पना आएको छ । जतिनै समानताको कुरा राज्यले ल्याए पनि ग्रामिण स्तरमा यस्ता कुराहरु कार्यान्वयन भएको भने देखिँदैन । यस्तै समस्या मंगलबारे बहुमुखी क्याम्पसका विद्यार्थीहरुमा पनि रहेको देखिन्छ । ३५% विद्यार्थीका अभिभावकहरुले छोरा सरह छोरीलाई हेर्ने दृष्टिकोण फरक देखिन्छ । छोरीहरुलाई सके सम्म त पढ्न नदिने किनकी उनीहरु बिहे गरी अर्काको घरमा

जान्छन्, यदि पढ्न दिएता पनि उनीहरुले चाहेको विषय पढ्न नदिई घर नजिकैको क्याम्पसमा के विषय पढाई हुन्छ त्यही विषय पढाई रहेको बताउँछन् । क्याम्पसबाट शिक्षण भ्रमणका लागि पनि अभिभावकहरुले छोरालाई पठाउने तर छोरीलाई नपठाउने गरेको बताउँछन् । छोरी भएकै कारण इच्छा लागेको ठाउँमा जान, इच्छा लागेको विषय पढ्न पाएको स्थिति नरहेको बताउँछन् । त्यसमा पनि ब्रामहण/क्षेत्री उत्तरदाताहरुका परिवारमा यस्तो समस्या रहेको बताउँछन् । बिष्ट, २००४ का अनुसार, "केटी तथा महिला विरुद्धको विभेदकारी मूल्य मान्यता नेपाली संस्कृति र समाजमा चलिआएको छ । चाँडो विवाह, सामाजिक मूल्यमान्यता, आदिले महिलाहरु शिक्षामा पुरुष सरह अगाडी बढ् सकेको छैन" । जसले गर्दा परम्परागत मूल्य मान्यताले विद्यार्थीको अध्ययन अध्यापनमा प्रत्यक्षरुपमा प्रभाव पारिरहेको देखिन्छ ।

### ५.२.२ चाडपर्व

नेपाली संस्कृतिमा विभिन्न चाडपर्वहरु परम्पराकाल देखि चलिआएका छन् । चाडपर्वहरु मनाउनु आर्थिक क्षमताले नभ्याएमा पनि मान्नु पर्ने बाध्यता रहेको छ । जसको कारणले सार्वजनिक विदा बढी हुनेहुनाले क्याम्पस विदा हुने गर्दछ । लामो समय सम्म विदा भएको कारण क्याम्पस सुरु भई सक्दा पनि विद्यार्थीहरु अध्ययन गर्न नआउने समस्या विद्यमान छ । अध्ययन क्षेत्रमा तालिका नं. २ मा दिए अनुसार ७२% हिन्दु धर्म मान्ने मध्ये ६९.४४% र २८% बौद्ध धर्म मान्ने मध्ये ७१.४३% विद्यार्थीहरुमा भने चाडपर्व नमनाई नहुने एक बाध्यता रहेको बताउँछन् । परिवार, आफन्त, छरछिमेक, समाजका लागि भए पनि चाडपर्व मनाउनु पर्ने बताउाछन् । चाडपर्वमा विद्यार्थीहरुले चाहेर वा नचाहेर समय दिई रहेको बताउँछन् । चाडपर्वमा बढी समय दिएकाले विद्यार्थीहरुले आफ्नो अध्ययनमा समय दिन नभ्याइरहेको बताउँछन् । जसले गर्दा उनीहरु अध्ययनमा कमजोर हुँदै गईरहेका छन् । पहिला अध्ययन गरिसकेका विषयवस्तुहरु पनि विर्सने समस्याले विद्यार्थीहरुलाई पिरोलिरहेको बताउँछन् । तालिका नं. १६ मा दिए अनुसार ४८% आर्थिक स्थिति कमजोर रहेका अभिभावकहरुले समाजमा बस्नु पर्ने भएका कारण समाजमा अपाच्य नहोस् भन्नाका लागि ऋण लिएर भए पनि चाडपर्व मनाइरहेको बताउँछन् । त्यसकारण अभिभावकहरुले छोराछोरीको अध्ययनलाई महत्व नदिई चाडपर्वलाई बढी महत्व दिएर मनाई रहेको बताउँछन् । जसको प्रत्यक्ष असर विद्यार्थीहरुको अध्ययनमा परेको छ । साथसाथै अध्ययन

क्षेत्रमा हिन्दु र बौद्ध धर्म मान्ने मात्र देखिन्छ तर सरकारले हिन्दु, बौद्ध, क्रिश्चियन, इस्लाम, आदि धर्मका चाडपर्व हुँदा पनि सार्वनिक विदा दिइरहेको स्थिति छ । जसले गर्दा क्याम्पस विदा भएकाले अध्यापन नहुने गरेको शिक्षकहरु बताउँछन् ।चाडपर्वले अरु जातिका विद्यार्थीहरुको तुलनामा ७५% नेवार तथा ८०% लिम्बु, जातिका विद्यार्थीहरुको अध्ययनमा बढी प्रभाव परेको देखिन्छ । नेवार तथा लिम्बु, जातिमा बाह्रै महिना केही न केही चाडपर्व भइरहने बताउँछन् । जसले गर्दा विद्यार्थीहरु आफ्नो अध्ययनलाई लक्षित नगरि चाडपर्वलाई महत्व दिई आफ्नो परिवार तथा आफन्तहरुलाई समय बढी दिईरहेका छन् । त्यसकारण विद्यार्थीहरुको अध्ययनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

### ५.२.३ विवाह

नेपाली समाजमा केटा २५ र केटी २० वर्ष पुरा भए पनि विवाह गर्न उपयुक्त हुने गरेको देखिन्छ । यस उमेरमा पारिवारिक, सामाजिक, मनोसामाजिक तथा शारीरिक रुपले सक्षम हुने गरेको देखिन्छ । जसले गर्दा यी उमेरका व्यक्तिहरुले आफ्नो सबै जिम्मेवारी पुरा गर्न सक्छन् भन्ने ठान्दछ । पुरा गर्न नसकेता पनि पुरा गर्नु पर्ने बाध्यता छ । विवाह गर्न उपयुक्त उमेर २० देखि २५ भएता पनि यो भन्दा कम उमेरमा मानिसहरु विवाह गरिरहेको देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरु मध्ये तालिका नं. ४ मा दिए अनुसार ३०% विद्यार्थीहरुको विवाह भई सकेको बताउँछन् । अविवाहितको तुलनामा विवाहित विद्यार्थीहरुमा कामको चाप बढी भएको बताउँछन् । उनीहरुले घर, परिवार सबै हेर्नु पर्ने भएकोले अध्ययन गर्न नियमित क्याम्पस आउन भ्याएको स्थिति छैन । उनीहरुले समाजमा इज्जत राख्नका लागि मात्र भए पनि समाजको रितिथिति सबै पुरा गर्नु पर्ने बताउँछन् । जसको कारण उनीहरु अध्ययनलाई पर्याप्त समय दिन सकिरहेको स्थिति छैन । त्यसमा पनि विवाहित छात्राहरुलाई छात्रहरुको तुलनामा बढी चपेतामा परेको बताउँछन् । उत्तरदाता मध्ये ३४.४८% छात्रा विवाहित रहेको छ, ती मध्ये पनि ४०% ब्राहमण/क्षेत्री रहेका छन् । विवाहित छात्राहरुको जिम्मेवारी घर व्यवहारमा बढी हुने गरेको छ । उनीहरुले सम्पुर्ण घर धन्दा हेर्नु पर्ने, पाहुन आएमा पनि आफु अघि सरेर काम गर्नु पर्ने, चाडपर्वमा पनि घरको बुहारीले सारा बन्दोबस्त मिलाउनु पर्ने देखिन्छ । जसले गर्दा विवाहित छात्राहरु नियमित क्याम्पस जान पाइरहेको स्थिति छैन र साथसाथै घरमा अध्ययन गर्ने वातावरण पनि

नमिलेको स्थिति रहेको बताउँछन् । जसले गर्दा विवाहित छात्र भन्दा छात्राहरुको अध्ययनमा विवाह कै कारण ठूलो प्रभाव परिरहेको देखिन्छ ।

## ५.३ आर्थिक

नेपालमा ३०% जनसंख्या गरिबीको रेखा मुनी रहेको छ । जसले गर्दा उनीहरु गाँस बाँस कपास जस्ता अत्यावश्यक आवश्यकताहरु पनि पुरा गर्न सकिरहेका छैनन् । जसले गर्दा उनीहरुले आफ्नो शिक्षा, स्वास्थ्य, मनोरञ्जन जस्ता आवश्यकतालाई पुरा गर्न सकिरहेका छैनन् । आर्थिक कमजोरीका कारण अध्ययन क्षेत्रमा निम्नानुसार शिक्षामा प्रभाव पार्ने तत्वहरु देखा परेका छन् ।

### ५.३.१ परिवारको आय

सम्पुर्ण विद्यार्थीहरुका अभिभावकहरु केही न केही व्यवसायमा संलग्न भएको उत्तरदाता बताउँछ् । तर अभिभावकहरुको मासिक आम्दानी भने सन्तोषजनक भएको बताउँछन् । मासिक आम्दानी न्यून भएकै कारण परिवारका सदस्यहरु गुणस्तरीय जिवनका लागि आवश्यक पर्ने आवश्यकताहरु पुरा गर्न नसकिरहेको बताउँछन् । यस्ता समस्याले गर्दा विद्यार्थीहरुको शिक्षाको गुणस्तरमा प्रभाव परिरहेको हुन्छ । जस अनुसार अध्ययनको क्रममा लिइएको उत्तरदाताका परिवारको आम्दानी विवरणलाई तालिका नं. १६ मा दिइएको छ ।

**तालिका नं. १६ : उत्तरदाताका परिवारको मासिक आम्दानी विवरण**

| क्र.सं. | आम्दानी | लिङ्ग | | प्रतिशत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | | |
| १ | ५०००-१०००० | १२ | १२ | ५७.१४% | ४१.३८% | २४ | ४८% |
| २ | १००००-२०००० | ७ | ८ | ३३.३४% | २७.५८% | १५ | ३०% |
| ३ | २००००-५०००० | २ | ८ | ९.५२% | २७.५९% | १० | २०% |
| ४ | ५०००० भन्दा माथि | ० | १ | ०% | ३.४५% | १ | २% |
| **जम्मा** | | **२१** | **२९** | **१००%** | **१००%** | **५०** | **१००%** |

*स्रोत: स्थलगत अध्ययन, २०७२*

तालिका नं. १६ हेर्दा करिब दुई तिहाई भन्दा बढी विद्यार्थीहरु निम्न मध्यम वर्गिय परिवारका छन् । परिवारको कृषि र पशुपालनबाट प्राप्त आम्दानी परिवारको अत्यावश्यक आवश्यकता पुरा गर्दैमा सकिन्छ भनी उत्तरदाता बताउँछन् । यो समस्या विषेशगरी तालिका नं. ५ मा दिए अनुसार १०% दलित मध्ये ६०%, ४०% जनजाति मध्ये ६५% र ३८% ब्राम्हण/क्षेत्री मध्ये ४२.११% रहेको बताउँछन् । जसको फलस्वरुप विद्यार्थीहरु नियमित रुपमा क्याम्पस उपस्थित हुन सक्दैनन् । उनीहरुमा किताब किनेर अध्ययन गर्ने अभ्यासमा पनि कमी भईरहेको छ, यसको सिधा प्रभाव विद्यार्थीको शैक्षिक वृद्धि विकासमा पुगिरहेको बताउँछन् । नियमित कक्षा नलिनाले नयाँ नयाँ पाठ्यवस्तुको जानकारी कम हुन्छ ।विद्यार्थीहरु परीक्षा तयारीको लागि गेस पेपरको भर पर्नुपर्ने स्थिति रहेको बताउँछन् । त्यसकारण विद्यार्थीहरु गेस पेपरको मात्र भर पर्दा अधिकांश विद्यार्थीहरु अनुतीर्ण हुने गरेका छन् भने उत्तीर्ण विद्यार्थीहरुको प्राप्ताङ्क पनि राम्रो रहन सकेको छैन । बिष्ट, २००४ का अनुसार, "ग्रामीण क्षेत्रमा गरिबीको कारणले अभिभावकले आफ्नो बच्चाको शिक्षालाई महत्व दिन सकेको छैन किनकी उनीहरुलाई बिहान बेलुकीको छाक टार्न पनि मुस्किल परिरहेको अवस्था छ । पारिवारिक आर्थिक उपार्जनका लागि बाल श्रमको महत्वपुर्ण योगदान रहेको छ। त्यसमा पनि केटाको तुलनामा केटीहरुले ५०% बढी श्रम गर्ने गरेको छ" । जसले गर्दा नेपालका नागरिक/विद्यार्थीहरुको शिक्षाको गुणस्तर घट्दो क्रममा रहेको देखिन्छ ।

### ५.३.२ कृषि र पशुपालन

उत्तरदाता मध्ये तालिका नं. ७ मा दिए अनुसार ६०% विद्यार्थीहरुको परिवारको पेशा कृषि तथा पशुपालन रहेको बताउँछन् । साथै तालिका नं. ३ मा दिए अनुसार ५४% विद्यार्थीहरु एकल परिवारमा बस्ने बताउँछन् । एकल परिवारमा बस्ने भएकोले कृषि तथा पशुपालनमा अभिभावकका साथ साथै विद्यार्थीहरु पनि त्यस कार्यमा संलग्न हुनु पर्ने बाध्यता रहेको बताउँछन् । उत्तरदाता मध्ये ५१.७२% छात्रा र ३८.१०% छात्रहरुले खेतीपातीमा समय दिने गरेको बताउँछन् । १०% घर बाट नै क्याम्पस आउने विद्यार्थीहरुले फुर्सदको समयमा सधै समय दिने साथसाथै ५०% कोठा बालमा बस्ने विद्यार्थीहरु पनि घर गएको समयमा वा विदाको समयमा खेतीपाती तथा पशुपालनमा आफ्नो पुरा समय दिने गरेको बताउँछन् । परिवारको आर्थिक स्थिति न्यून भएकोले खेतीपाती गर्नु पर्ने र खेतीपातीको लागि पशु पाल्नु पनि अति जरुरी भएकोले उनीहरु त्यस्ता कार्यहरुमा संलग्न

रहेको बताउँछन् । त्यसमा पनि केटाहरुको तुलनामा १५% जनजाति केटीहरुले खेतीपातीमा बढी समय दिने गरेको बताउँछन् । जसले गर्दा छात्रा छात्रहरुले घरमा पर्याप्त मात्रामा अध्ययनका लागि समय दिन नसकेको बताउँछन् । यसले प्रत्यक्ष रुपमा विद्यार्थीहरुको अध्ययन अध्यापनमा प्रभाव पारि रहेको देखिन्छ ।

### ५.३.३ नोकरी

परिवारको आय अति कम साथै कृषिबाट उत्पादन हुने खाद्यन्न लगभग ४८% भन्दा बढी परिवारलाई वर्ष भरी खान पुग्दैन । वर्ष भरि खाना नपुगेका कारण अध्ययन र परिवारको घरखर्चमा सघाउनका लागि तालिका नं. ६ मा दिए अनुसार ५६% विद्यार्थीहरु नोकरी गर्दै अध्ययन गर्न बाध्य छन् । नोकरीमा नै बढी समय दिनु पर्ने भएकाले विद्यार्थीहरु क्याम्पस नियमित रुपमा जान पाई रहेका छैनन् । साथै उनीहरु आफुले अध्ययन गर्ने विषय वस्तुमा पनि त्यति प्रस्ट भएको देखिदैन । शिक्षकहरुसँग पनि राम्रो चिनजान नभएकोले शिक्षकहरुसँग सरसल्लाह र सहयोग लिन पनि पछि परिरहेको स्थिति भएको बताउँछन् । जसले गर्दा अन्तिम परीक्षा आउने बेलामा मात्र विद्यार्थीहरु घोकेर अध्ययन गरि परीक्षा दिन्छन् र उत्तीर्ण हुने  कोसिस गर्छन् । यहि कारणले नतिजामा धेरै जसो विद्यार्थीहरु अनुत्तिर्ण हुन्छन् भने उत्तीर्ण भएकाहरुको पनि प्रतिफल राम्रो निस्किएको देखिदैन ।

तर २५% विद्यार्थीहरु जो आफ्नो विषयसँग सम्बधित नोकरी गर्छन् उनीहरुलाई नोकरीबाट बेफाइदा भन्दा फाइदा बढी भएको बताउँछन् । विषयसँग सम्बन्धित नोकरीका कारण उनीहरुलाई सैद्धान्तिक ज्ञान भन्दा व्यवहारिक ज्ञान बढी भएको बताउँछन् । साथै बिहान बेलुका अध्ययनका लागि केही समय निकाली आफ्नो पाठ्यवस्तुमा रहेका विषयवस्तुको अध्ययन पनि गर्दै आएको बताउँछन् । जसले गर्दा उनीहरुको विचार/विश्लेषण गर्ने शक्ति तिखो हुँदै गएको छ । परीक्षामा उनीहरुले तर्कशील तथा विश्लेषनात्मक उत्तर लेखी राम्रो अंक प्राप्त गरि उत्तीर्ण भएको बताउँछन् । यसबाट के स्पष्ट हुन्छ भने यदि समयको राम्रो व्यवस्थापन गरि विद्यार्थीले अध्ययनका साथ साथै आफ्नो नोकरीलाईसँगै लाने तथा मेहनती, लगनशीलता तथा इमान्दारीता भएमा जस्तो सुकै समस्या/संकट आइपरे पनि त्यसको समाधानका साथै प्रगती पनि पाउन सकिने देखिन्छ ।

### ५.३.४ व्यापार

उत्तरदाताहरुको अभिभावक मध्ये तालिका नं. ७ मा दिए अनुसार २०% व्यपारमा संलग्न छन् । व्यापार व्यवसाय अपनाई आफ्नो कारोबारलाई अगाडी बढाई रहेकाहरुका छोराछोरीहरु पनि स्वत रुपमा व्यापारमा संलग्न भएको बताउँछन् । उनीहरु आफ्नो अभिभावकहरुको समय नहुने बेलामा तथा दिउँसो फुर्सदका समयमा व्यापारमा संलग्न भएको बताउँछन् । विशेष गरि ३०% नेवार जातिका उत्तरदाताहरु व्यापारमा संलग्न गरहेको बताउँछन् । ती मध्ये १२% उत्तरदाता पसलमा बसी आफ्नो पाठ्यवस्तु अध्ययन गर्छन् भनी बताउँछन् । जसले गर्दा उनीहरु विषयवस्तु अध्ययन गर्ने फुर्सद पनि हुने र विभिन्न पेशा अपनाइरहेका मानिसहरु त्यहाँ आउनाले उनीहरु धेरै मानिसहरुसँग चिनजान भएको बताउँछन् । यसका कारण उनीहरु नयाँनयाँ कुरा/विषय बारे जानकार हुने भएकोले उनीहरुको अध्ययनमा पनि यसले सहयोग गरेको बताउँछन् । त्यसकारण व्यापारले विद्यार्थीहरुमा नकारात्मक भन्दा बढी सकारात्मक प्रभाव बढी परेको देखिन्छ ।

# अध्याय - छ

## सारांश र निष्कर्ष

अध्ययन क्षेत्र भित्र विविध पक्षहरुको अध्ययनबाट विभिन्न निष्कर्ष निक्लिएका छन् । सुझाव सहित ती सारांश र निष्कर्षहरुलाई यहाँ क्रमश: प्रस्तुत गरिन्छ ।

### ६.१ सारांश

प्रस्तुत अध्ययन **"विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने तत्वहरु"** शिर्षकमा केन्द्रित छ । अहिलेको परिस्थितिमा शिक्षा एक व्यक्तिको लागि आधारभुत आवश्यकताको रुपमा लिइन्छ । तर विभिन्न कारण बस् विद्यार्थीहरुले प्रभावकारी शिक्षा प्राप्त गर्न असफल भइरहेको अवस्था छ । जसको कारण नेपालमा दक्ष जनशक्ति उत्पादन गर्न कठिनाई उत्पन्न भइरहेको छ । यस्तो अवस्थामा विद्यार्थीहरु शिक्षामा कस्ता पक्षहरुले प्रभाव पारिरहेका छन् भन्ने कुरा जान्नु जरुरी भएकोले यो अध्ययन गरिएको छ । विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने सामाजिक, साँस्कृतिक र आर्थिक तत्वहरु पत्ता लगाउनु यो अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

अध्ययन नेपालको ईलाम जिल्लाको देउमाई नगरपालिकामा रहेको क्याम्पस "मंगलबारे बहुमुखी क्याम्पस" मा अध्ययनरत वि.एड. का ५० जना विद्यार्थीहरुलाई उत्तरदाताको रुपमा लिई अध्ययन गरिएको छ । जस मध्ये २१ जना छात्र र २९ जना छात्रा रहेका छन् ।

अध्ययन गर्दा विद्यार्थीहरुलाई प्रश्नावली तथा शिक्षक र अभिभावकहरुलाई अन्तर्वाता विधिबाट प्रश्नोत्तर गरिरएको छ भने अध्ययन क्षेत्रको अवलोकन पनि साथसाथै गरी शोध पत्र तयार गरिएको छ । अध्ययन प्राथमिक स्रोतमा बढी केन्द्रित छ साथसाथै द्वितीय स्रोत पनि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त भएको तथ्याङ्कहरुलाई वर्णनात्मक र अन्वेषणात्मक विधिबाट व्याख्या गरिएको छ । साथै यो अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्न तयार गरिएको हुनाले बजेट र समयको सिमाकरण तथा अध्ययन

गरिदाँ नमुना छनौट गरी केही विद्यार्थीहरुलाई मात्र उत्तरदाता बनाइएकोले अन्यत्र विद्यार्थीहरुको प्रतिनिधित्व गर्न नसकिने सिमा पनि रहेको छ ।

अध्ययन क्षेत्रमा वि.एड. अन्तर्गत अंग्रेजी, नेपाली, अर्थशास्त्र, स्वास्थ्य र शारीरिक शिक्षा जस्ता विषयवस्तुहरुमा अध्ययन अध्यापन भइरहेको छ । क्याम्पसमा आन्तरिक परीक्षा, अतिरिक्त क्रियाकलापहरु र छात्रवृत्तिको पनि व्यवस्था भएको देखिन्छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरु २९ जना छात्रा र २१ जना छात्र रहेको छ भने ५०% उत्तरदाता २०-२३ वर्ष उमेरका छन् र ४% उत्तरदाता २९-३२ वर्ष उमेर समुह भित्रका छन् । उत्तरदाताहरु मध्ये ७२% ले हिन्दु र २८% ले बौद्ध धर्म मान्दै आइरहेका छन् । ४६% संयुक्त र ५४% एकल परिवार भएका छन् । साथै ३०% विवाहित र ७०% अविवाहित उत्तरदाता रहेका छन् । त्यस्तै ४०% उत्तरदाता जनजाति, ३८% ब्राम्हण/क्षेत्री, १०% दलित र १२% अन्य जातिका छन् ।

उत्तरदाताहरु धेरै जसो (५६%) नोकरीमा संलग्न रहेको देखिन्छ भने सबै भन्दा कम (८%) व्यापारमा संलग्न भएका देखिन्छ । उत्तरदाताका अभिभावकहरु धेरै जसो (४०%) कृषि/पशुपालन पेशामा संलग्न छने भने रोजगार तथा व्यापारमा क्रमश १४% र २०% रहेको छ ।

अध्ययन क्षेत्रका विद्यार्थीहरुको शिक्षामा विशेषगरी सामाजिक प्रभाव अन्तर्गत राजनीति, घरायसी कामहरु र शैक्षिक पक्ष रहेको छ । क्याम्पसमा बढी राजनीतिकरण भएका कारण नियमित कक्षा संचालन नहुनाले कोर्ष समयमा नसकिने, बन्द हडतालले गर्दा विद्यार्थीहरुको शिक्षामा प्रतिकुल असर परिरहेको छ । त्यसमाथि पनि घरायसी काममा छोराहरुको तुलनामा छोरीहरुले बढी समय दिनु पर्ने स्थिति छ । अध्ययन गर्नका लागि समय नभएता पनि घरायसी काम जसरी भए पनि सकाउनु पर्ने बाध्यता रहेको छ । त्यसमा पनि विवाहित छात्राहरुले क्याम्पसमा नियमित कक्षा लिन नगई घरको घरधन्दा गर्नु पर्ने बाध्यता रहेको छ । जसले गर्दा उनीहरुले अध्ययनमा समय दिन पाएका छैनन् त्यसैले विद्यार्थीहरुको अध्ययनमा प्रत्यक्ष प्रभाव परिरहेको छ ।

शैक्षिक पक्ष अन्तर्गत अभिभावकको शैक्षिक योग्यता, विद्यार्थीहरुको अध्ययन प्रति रुचि, अध्यापन शैली, शिक्षक विद्यार्थीको सम्बन्ध, शैक्षिक सामाग्रीको उपयोग, शैक्षिक क्षेत्रको वातावरण, अतिरिक्त क्रियाकलाप, आन्तरिक परीक्षा र अध्ययन सम्बन्धी छलफल प्रमुख रहेको छ । अभिभावकहरुको शैक्षिक योग्यता बढी भएकाहरुमा आफ्नो सन्ततीलाई पनि पढाउनु पर्छ भन्ने चेतना भएको देखिन्छ भने शैक्षिक योग्यता कम भएका अभिभावकहरुले आफ्नो छोराछोरीहरुको अध्ययनलाई प्राथमिकताको रुपमा लिएको देखिँदैन । साथै विद्यार्थीहरुले विभिन्न कारण वस् आफुले चाहेको विषयवस्तु अध्ययन गर्न पाएको स्थिति पनि देखिँदैन । त्यसकारण विद्यार्थीहरुको अध्ययन प्रति रुचि भएको देखिँदैन । शिक्षकहरुको अध्यापन शैली पनि धेरै जसो भाषण र व्याख्यान विधि भएको देखिन्छ । जसले गर्दा विद्यार्थीहरुले अध्ययन प्रति उत्प्रेरणा जगाउन सकिरहेको स्थिति छैन । शिक्षक विद्यार्थीहरुसँग राम्रो सम्बन्ध र शैक्षिक सामाग्रीहरुको उपयोग पर्याप्त मात्रामा नगरेका कारण शिक्षा प्रभाव परिरहेको देखिन्छ । तर क्याम्पसको रमणीय वातावरण, क्याम्पसमा संचालन भइरहेको अतिरिक्त क्रियाकलाप र आन्तरिक परीक्षाका कारण भने विद्यार्थीहरुको शिक्षामा सकारात्मक प्रभाव परेको देखिन्छ ।

विद्यार्थीहरुको शिक्षामा साँस्कृतिक पक्ष अन्तर्गत परम्परागत मूल्य मान्यता, चाडपर्व तथा विवाहले पनि प्रभाव पारिरहेको देखिन्छ । विद्यार्थीहरु परम्परागत मूल्य मान्यताले पनि प्रभावित भएको देखिन्छ । छोराको तुलनामा छोरीहरुलाई घरबाट बाहिर नपठाउने संस्कृति हाम्रो समाजमा विद्यमान छन् । धेरै जसो विद्यार्थीहरुको हिन्दु धर्म मान्ने भएकाले हिन्दु धर्ममा धेरै चाडपर्वहरु मान्नु पर्दछ । समाजमा आफ्नो इज्जत बचाई राख्न पनि वर्षै पिच्छे चाडपर्व मनाउनु पर्ने बाध्यता छ । जसले गर्दा विद्यार्थीहरुले अध्ययनमा समयका साथसाथै आर्थिक स्रोत पनि लगानी गर्न कठिनाई उत्पन्न भईरहेको छ । साथै विवाह भै सकेका विद्यार्थीहरुले घर व्यवहार पनि हेनु पर्ने, अझ विवाहित छात्राहरु माथी घरको सम्पुर्ण जिम्मेवारी आईपर्ने भएकाले क्याम्पसमा नियमित कक्षा लिन आउन नभ्याउने साथै घरमा पनि अध्ययनका लागि समय दिन नभ्याउनाका कारण विद्यार्थीहरुको शिक्षामा यस्ता पक्षहरुले प्रतिकुल असर गरिहेको देखिन्छ ।

आर्थिक पक्ष अन्तर्गत परिवारको आय, कृषि तथा पशुपालन, नोकरी, व्यापारले प्रभाव पारी रहेको छ । परिवारको आय ५०००-१०००० मात्र हुनेहरु सबै भन्दा बढी ४८%

रहेको छ  जसले गर्दा उनीहरुलाई आफ्नो आधारभुत आवश्यकता पुरा गर्न पनि कठिन भएको देखिन्छ । साथै विद्यार्थीहरु नोकरी, व्यापार, कृषि तथा पशुपालनमा पनि संलग्न भएको हुँदा त्यस्ता सम्पुर्ण पक्षहरुमा समय दिनु पर्ने भएकोले विद्यार्थीहरु आफ्नो अध्ययनलाई समय दिन गाह्रो भएको देखिन्छ । त्यसकारण उनीहरु अध्ययनमा प्रभाव परिरहेको देखिन्छ ।

## ६.२ निष्कर्ष

मंगलबारे बहुमुखी क्याम्पसमा वि.एड. मा अध्ययनरत विद्यार्थीहरुको अध्ययन पश्चात विद्यार्थीहरुको शिक्षामा प्रभाव पार्ने सामाजिक, साँस्कृतिक तथा आर्थिक तत्वहरुको पहिचान भएको छ । ती मध्ये परिवारको आर्थिक स्थिति, परम्परागत मूल्य मान्यता, चाडपर्व, अध्ययन शैली, घरायसी काम, राजनीति, आदिले नकारात्मक प्रभाव पारिरहेको देखिन्छ । तर अध्ययन क्षेत्रको वातावरण, अतिरिक्त क्रियाकलाप, व्यापार, आदिले सकारात्मक प्रभाव पारिरहेको देखिन्छ ।

यस्ता नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न आफ्ना छोराछारीहरुलाई सबै अभिभावकहरुले नियमित निग्रानीमा राख्ने, उनीहरुको एकाई परीक्षा, त्रैमासिक परीक्षा तथा वार्षिक परीक्षाको नतिजाहरु हेरी छोराछोरीलाई नियमित पृष्ठपोषण दिने, जटिल तथा अप्ठ्यारा विषयमा राम्रो अंक ल्याउन र विषयवस्तुमा पोख्त बनाउन घरायसी काम, कृषि, पशुपालन, आदि कारणले छुटेका विषय वस्तु अध्ययनका लागि परीक्षा अवधि अघि नै विशेष कक्षामा अध्ययन गर्ने वातावरण मिलाई दिने, क्याम्पसले पुस्तकालयमा पर्याप्त मात्रामा पाठ्यपुस्तक उपलब्ध गराउने, विद्यार्थीहरुले दैनिक समय तालिका बनाई अध्ययन गर्ने, शिक्षकले अघिल्लो दिनमा अध्यापन गराएका विषयवस्तुहरुको पुनरावलोकन गरिदिने, क्याम्पस संचालक समिति र प्रशासनले विद्यार्थीहरुको अभिभावक भेला गराई  विद्यार्थीको अध्ययन, चालचलन तथा प्रगतीको बारेमा जानकारी गराउने, शैक्षिक संस्थाहरुमा राजनितिको वातावरण सिर्जना नगरेर विद्यार्थीहरुलाई एकान्त र यस्ता कोलाहलबाट मुक्त राख्ने, तालिम प्राप्त शिक्षकहरुद्वारा अध्यापन गराउने, शिक्षक केन्द्रित रणनीति र विद्यार्थी केन्द्रित रणनीति जस्ता उपाय अपनाउने हो भने देशको शैक्षिक स्तर बढ्नुका साथै विद्यार्थीहरुको क्षमता तथा गुणस्तरमा वृद्धि गराउन सकिन्छ ।

# सन्दर्भसामग्री


अधिकारी, देवराज (२०६५), *शिक्षाको सिद्धान्त : बजार वा समाज मुखि,* कीर्तिपुर : स्व.वि.यु, त्रि.वि. ।

इलामेली विद्यार्थी मञ्च (२०६७), *इलाम एक झलक,* काठमाडौं : इलामेली विद्यार्थी मञ्च ।

गौतम राजेश (२०५०), *राणाकालीन नेपालको एक झलक,* काठमाडौं : भुँडी पुराण प्रकाशन ।

थापा, प्रेमबहादुर (२०६५), *नेपालको अव्यवहारिक शिक्षाबाट उत्पादित जनशक्तिको विजोग, स्ववियु स्मारिका,* कीर्तिपुर : स्व.वि.यु, त्रि.वि. ।

भट्टराई, रीता कुमारी (२०६८), *सर्लाही जिल्लाका महिलाको सामाजिक, आर्थिक, अवस्था र शैक्षिक स्थिति : एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

मंगलबारे बहुमुखी क्याम्पस, (२०७१), *मंगलबारे परिदृश्य,* मंगलबारे इलाम : मंगलबारे बहुमुखी क्याम्पस ।

राष्ट्रिय शिक्षा आयोग, (२०४९), *राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन,* काठमाडौं : सेरिड ।

विष्ट, मिनबहादुर (२०४९), *शिक्षाको सिद्धान्त,* ललितपुर : साझा प्रकाशन ।

वराल, देवकुमार (२०७०), *प्राथमिक शिक्षाको प्रभावकारिताको अध्ययन,* काठमाडौं : सेरिड ।

शर्मा, गोपीनाथ (२०६०), *नेपालमा शिक्षाको इतिहास, भाग १,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेस्नर्स ।

_______(२०७०), *नेपालमा शिक्षाको इतिहास, भाग १,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेस्नर्स ।

शर्मा, कुवेरनाथ (२०६०), *शिक्षाको दर्शनशास्त्रीय एवम समाजशास्त्रीय आधार,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

_______(२०६६), *शिक्षाको दर्शनशास्त्रीय एवम समाजशास्त्रीय आधार,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्र बहादुर र सम्झना बस्नेत (२०६७), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौं : भुँडी पुराण प्रकाशन ।

श्रेष्ठ, गजेन्द्रमान (२०४१), *प्राथमिक शिक्षाको प्रभावकारिताको अध्ययन,* काठमाडौं : सेरिड ।

_______ (२०५६), *प्राथमिक शिक्षाको प्रभावकारिताको अध्ययन,* काठमाडौं : सेरिड ।

हाडा भुपेन्द्र, (२०६४), *शिक्षण सिकाईमा सुधार ल्याउन ध्यान दिनुपेर्न आधारभुत कुराहरु,* काठमाण्डौं : सेरिड ।

हाडा भुपेन्द्र, (२०५६), *शैक्षिक गुणस्तर अभिवृद्धिका लागि ध्यान दिनुपर्ने आधारहरु,* काठमाण्डौं : सेरिड ।

Apple, Michael (2010). *The Rocutledge International Handbook of the Sociology of Education.* New York: Routledge.

Bhattarai, Kuber (2071). *Influencing Factors on Studnets Education: A Case of B.Ed. First Year Studnets of Chautara Multiple Campus.* An Unpublished Thesis Submitted to Central Department of Sociology, T.U., Kirtipur, Kathmandu.

Bista, M.B. (2004). *A Review of Research Literature on Girls' Education in Nepal.* Kathmandu: UNESCO.

Haralambus M. (2012). *Sociology Themes and Perspectives.* New Delhi, India: Oxford University Press.

Koirala, B. N. (1996). *Schooling and the Dalits of Nepal: A Case Study of Bunykal-Dalit Community.* An Unpublished Ph.D. Dissertation Submitted to University of Alberta.

Shrestha K. N. (2008). *An Assessment of Pedagogical Competencies of Lower Secondary School Teachers*. Kathmandu: CERID.

# अनुसूची-१

## प्रश्नावली

| | | |
|---|---|---|
| नाम : | धर्म : | वैवाहिक स्थिति : |
| उमेर : | लिङ्ग | घरमूलिको नाम : |
| परिवारको किसिम : | जात/जाति : | |

विद्यार्थीलाई सोधिने प्रश्नहरु

१. तपाइको अभिभावकले कुन पेशा अपनाउनु हुन्छ ?

क) कृति  ख) व्यापार

ग) राजनीति  घ) अन्य ...........

२. तपाइको अभिभावकको मासिक आम्दानी कति हुन्छ ?

क) १०० देखि ५००  ख) ५००-१०००

ग) १०००-१५००  घ) १५००-२०००

घ) २००० भन्दा माथि

३. अभिभावकको साक्षरता दर

क) सादर  ख) एस.एल.सी.

ग) प्रमाण पत्र  घ) स्नातक तह

ङ) स्नातकोत्तर  च) स्नातकोत्तर भन्दा माथि

४. तपाइको घरमा पशुपालन गर्नु भएको छ कि छैन ? छ भने के के पाल्नु भएको छ ?

क) गाई  ख) भैंसी

ग) बाखा  घ) अन्य

५. पशुपालनमा कति समय दिनहुन्छ ?

क) १ घण्टा  ख) २ घण्टा

ग) ३ घण्टा  घ) ४ घण्टा माथि

ङ) दिनु हुन्न

६. तपाई कुन पेशामा लाग्नु भएको छ ?

क) रोजगार

ख) सामाजिक सेवा

ग) राजनीति

घ) व्यापार

ङ) कृषि

७. तपाईको अभिभावकले कुन धर्म मनाउनु हुन्छ ?

क) वौद्ध

ख) हिन्दु

ग) क्रिस्चियन

घ) अन्य

८. तपाईलाई अभिभावकले तपाईको पढाइमा कस्तो सहयोग गर्नुभएको छ ?

..............................................................................................................

९. तपाईको घरमा अध्ययन वारे छलफल हुन्छ कि हुँदैन ?

..............................................................................................................

१०. तपाई धर्ममा कति समय दिनु हुन्छ ? यसले तपाईको पढाइमा कतिको फाइदा पु¥याएको छ कि छैन ?

..............................................................................................................

११. तपाई कुन कुन चाडपर्व मनाउनु हुन्छ ?

..............................................................................................................

१२. परम्परागत मूल्य मान्यताले तपाईको शिक्षामा असर गरेको छ ? छ भने कसरी ? छैन भने कसरी ?

..............................................................................................................

१३. तपाई आफ्नो घरमा बस्नु हुन्छ कि ? डेरामा बस्नु हुन्छ ? घर वा डेराबाट क्याम्पस पुग्न कति समय लाग्छ ?

..............................................................................................................

१४. तपाईको प्रमाण पत्र तहमा मूल विषयहरु के के थिए ?

..............................................................................................................

१५. तपाईहरु कति प्रतिशत उत्तीर्ण हुनुभएको थियो ?

..............................................................................................................

१६. तपाईले कति प्रतिशत ल्याउनु भयो ?

..............................................................................................................

१७. तपाईलाई सबैभन्दा मनपर्ने विषय कुन हो ?

.............................................................................................................

१८. तपाई आफूलाई मन पर्ने विषय पढ्नु भएको हो कि अर्को ? अर्कै भए किन ?

.............................................................................................................

१९. तपाईलाई पढ्ने सबै खर्च र सामग्री घरबाट उपलब्ध हुन्छ ? हुन्न भने के के ? हुँदैन भने किन ?

.............................................................................................................

२०. तपाईलाई शिक्षकको व्यवहार कस्तो लाग्छ ?

.............................................................................................................

२१. तपाईको नियमित कक्षामा पढाई हुन्छ ? हुँदैन भने किन ?

.............................................................................................................

२२. शिक्षकले कुन विधि अपनाउनु हुन्छ ?

.............................................................................................................

२३. तपाईको विद्यालयमा पुस्तकालय छ कि छैन ? छ भने कस्तो ?

.............................................................................................................

२४. तपाईको विदालयमा शौचालय छ कि छैन ? छ भने कस्तो ?

.............................................................................................................

२५. तपाइको विद्यालयमा खानेपानी छ कि छैन ? छैन भने किन ?

.............................................................................................................

२६. तपाईको कक्षा भित्रको अवस्था कस्तो छ ?

.............................................................................................................

२७. तपाईको क्याम्पसमा नियमित कक्षा परीक्षा हुन्छ कि हुन्न ? हुन्छ भने कति महिनाको फरकमा हुन्छ ?

.............................................................................................................

२८. तपाईलाई परीक्षाले फाइदा पुऱ्याएको छ कि छैन ? छ भने कसरी ? छैन भने कसरी ?

.............................................................................................................

२९. शिक्षक र विद्यार्थी विच अर्न्तक्रिया हुन्छ कि हुन्न ? हुन्छ भने कस्तो र हुन्न भने किन ?

......................................................................................................................

३०. तपाईको क्याम्पसमा अतिरिक्त क्रियाकलाप हुन्छ कि हुन्न ? हुन्छ भने के के हुन्छ ?

......................................................................................................................

३१. क्याम्पसको राजनितिक वातावरणले अध्ययनमा प्रभाव पारेको छ कि छैन ?

......................................................................................................................

३२. आर्थिक कुराले पढाईमा प्रभाव पारेको छ कि छैन ?

......................................................................................................................

३३. सांस्कृतिक कुराले पढाईमा प्रभाप पारेको छ कि छैन ? छ भने कसरी ?

......................................................................................................................

## अनुसूची-२

## रुजुसुची (Check-list)

**अभिभावकलाई सोधिएका प्रश्नहरु**

१. तपाईको छोराछोरी नियमित कक्षा लिन क्याम्पस जान्छन् ? जाँदैनन भने किन ?

२. तपाइको छोराछोरीलाई चाहिने सम्पूर्ण शैक्षिक सामाग्री घरबाट उपलब्ध हुन्छ ? यदि हुन्न भने किन हुन्न ?

३. क्याम्पसले अभिभावक भेला आयोजना गर्छ ? गर्छ भने कति समयको अन्तरालमा गर्छ ?

४. क्याम्पसले वनभोज, भ्रमण जस्ता कार्यक्रम गर्छ ? गर्छ भने कति समयको अन्तरालमा गर्छ ?

५. तपाइले छोराछोरीलाई आवश्यक सामाग्री उपलब्ध गराउन सक्नु भएको छ कि छैन ? छैन भने किन ?

६. तपाईको छोराछोरीलाई बढ्ने वातावरण कतिको मिल्छ ?

७. घरायसी काममा छोराछोरीले कति समय सहयोग हुन्छ ?

८. तपाईको जग्गा जमिन कति रोपनी छ ?

९. तपाईको जग्गाबाट कति आम्दानि हुन्छ ?

१०. तपाईको आम्दानीबाट खान पुग्छ कि पुग्दैन ? पुग्दैन भने के गर्नु हुन्छ ?

११. तपाई कुन पेशा गर्नुहुन्छ

## शिक्षकहरुलाई सोधिने प्रश्नहरु

१. तपाई अध्यापन गर्दा कस्तो शैली अपनाउनु हुन्छ ?

२. तपाई पढाउँदा बढी कुन विधी अपनाउनु हुन्छ ? र किन ?

३. क्याम्पसका विद्यार्थी नियमित कक्षा लिन आउँछन् कि आउँदैनन् ? आउँदैनन् भने किन ?

४. क्याम्पसको पुस्तकालयमा पर्यान्त पुस्तकहरुको व्यवस्था छ कि छैन ? छैन भने किन ?

५. विद्यार्थीले पुस्तकको प्रयोग कतिको गर्दछन् ?

६. तपाईले शिक्षण सिकाई क्रियाकलापमा पुर्व पाठयोजना तथा शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ? गर्नुहुन्न भने किन ?

७. तपाईले कति कति समयमा परीक्षा लिनु हुन्छ ?

८. क्याम्पसमा अभिभावकहरु छोराछोरीको अवस्था बुझ्न क्याम्पस आउँछन् ?

९. तपाईको क्याम्पसको भौतिक अवस्था कस्तो छ ?

१०. क्याम्पसमा कस्तो कस्तो अवस्थामा विदा हुन्छ ?

११. तपाईहरुले कोर्ष पढाई सक्नु हुन्छ ? हुँदैन भने किन ? हुन्छ भने कति समयमा ?

१२. तपाईलाई विद्यार्थीहरुको अध्ययनमा प्रभाव पार्ने तत्वहरु के के छन् जस्तो लाग्छ ?

१३. विद्यार्थीहरु शैक्षिक स्तरमा सुधार गर्न के सुझाव दिनु चाहनुहुन्छ ?

१४. विद्यार्थीहरुलाई छात्रवृत्ति दिनुहुन्छ ? दिनु हुन्न भने किन ?

१५. तपाई विद्यार्थीहरुमा अभिभावकलाई पढाई सम्बन्धी जानकारी दिनु हुन्छ ? हुदैन भने किन ?

१६. अभिभावकहरु तपाईहरुसँग छोरछोरीको वारेमा गुनासो लिएर आउँछन् ? आउँछन् भने के के ?

## अनुसूची ३

## मंगलबारे बहुमुखी क्याम्पस स्थापना सञ्चालन समिति पदिकारीहरु

मिति २०६२/११/२५ गते बसेको क्याम्पस व्यवस्थापन मुल समितिको बैठकले तपशील बमोजिमका सदस्यहरु

अध्यक्ष : श्री भीमलाल खनाल
उपाध्यक्ष :श्री नर बहादुर कार्की
उपाध्यक्ष : श्री कृष्ण प्रसाद बाँस्तोला
सचिव : श्री भानुभक्त उ.मा.वि. प्र.अ. वा प्र.अ.ले तोकेको व्यक्ति
सह सचिव : श्री मेघ प्रसाद चम्लागाई
काषाध्यक्ष : श्री कृष्णराज बराल
सह कोषाध्यक्ष : श्री इन्द्र बहादुर राई

मिति २०६२/१२/०२ गते क्याम्पस व्यवस्थापन मुल समितिका अध्यक्ष श्री भीमलाल खनालको अध्यक्षतामा बसेको कार्य समितिको बैठकले तपशिल बमोजिमका समितिहरु

१) त्रि.वि. सँग सम्वन्धन लिई सञ्चालन कार्य अगाडि बढाउने समिति :

संयोजक : श्री भीमलाल खनाल
सदस्य : श्री कृष्ण प्रसाद बाँस्तोला
सदस्य : श्री मुक्ति खनाल
सदस्य : श्री देवी प्रसाद गौतम

२) सल्लाहकार समिति :

संयोजक : श्री करनदल लिम्बु
सदस्य : श्री कृष्ण बहादुर कार्की
सदस्य : श्री राम बहादुर राना
सदस्य : श्री पूर्णचन्द्र श्रेष्ठ
सदस्य : श्री सूर्य पोखेल
सदस्य : श्री तुलसीनिधी रेग्मी
सदस्य : श्री शेरमानसिंह श्रेष्ठ
सदस्य : श्री पुन्य प्रसाद घिमिरे
सदस्य : श्री हेममणी प्रधान

३) परियोजना प्रस्ताव निर्माण उप समिति :

संयोजक : श्री वासुदेव रेग्मी
सदस्य : श्री राम बहादुर राना
सदस्य : श्री पुन्य प्रसाद घिमिरे
सदस्य : श्री ताराचन्द्र शर्मा

सदस्य : श्री प्रकाशचन्द्र खनाल

सदस्य : श्री डिक कुमार तामाङ्ग

सदस्य : श्री देवी प्रसाद गौतम

मिति २०६३/०२/१० गतेको बैठकबाट चन्दा संकलनका सम्वन्धमा मङ्गलबारे गा.वि.स.का विभिन्न वडाहरु र छिमेकी गा.वि.स.हरुमा समेत चन्दा संकलन गर्न विभिन्न टोलीहरु

| मङ्गलबारे वडा नं. २ र ४ मा जाने टोली | | मङ्गलबारे वडा नं. ८ र ७ मा जाने टोली | |
|---|---|---|---|
| संयोजक | राम राना | संयोजक | कृष्ण बाँस्तोला |
| सदस्य | सम्वन्धित वडाका प्र.अ. ज्यूहरु | सदस्य | सम्वन्धित वडाका प्र.अ. ज्यूहरु |
| सदस्य | धन बहादुर बुढाथोकी | सदस्य | वागवीर राई |
| सदस्य | पदमलाल कटुवाल | सदस्य | विमला पोखेल |
| सदस्य | कृष्ण कार्की | सदस्य | सूर्य पोखेल |
| सदस्य | टंक प्रसाद आचार्य | सदस्य | जीत बहादुर लिम्बु |
| सदस्य | खेम पोखेल | सदस्य | पदम शेर्पा |
| | | सदस्य | रेश बहादुर मुखिया |

| मङ्गलबारे वडा नं. ३ र ५ मा जाने टोली | | मङ्गलबारे वडा नं. ६ मा जाने टोली | |
|---|---|---|---|
| संयोजक | भीमलाल खनाल | संयोजक | भवानी शंकर पराजुली |
| सदस्य | सम्वन्धित वडाका प्र.अ. ज्यूहरु | सदस्य | सम्वन्धित वडाका प्र.अ. ज्यूहरु |
| सदस्य | गंगा सुवेदी | सदस्य | पदम खनाल (शि. शान्तिडाँडा) |
| सदस्य | इन्द्र राई | सदस्य | आसवीर राई |
| सदस्य | पदम खनाल | सदस्य | नेत्र प्रसाद खनाल (भु.पु. सैनिक) |
| सदस्य | रामकृष्ण सुवेदी | सदस्य | तुलसी आचार्य |
| सदस्य | बलवीर श्रेष्ठ | सदस्य | चेत प्रसाद आचार्य |

| मङ्गलबारे वडा नं. ९ मा जाने टोली | | मङ्गलबारे वडा नं. १ मा जाने टोली | |
|---|---|---|---|
| संयोजक | अम्विका गजुरेल | संयोजक | मनकुमार श्रेष्ठ |
| सदस्य | सम्वन्धित वडाका प्र.अ. ज्यूहरु | सदस्य | सम्वन्धित वडाका प्र.अ. ज्यूहरु |
| सदस्य | लाल बहादुर श्रेष्ठ | सदस्य | हेममणि प्रधान |
| सदस्य | युवराज भट्टराई | सदस्य | मुना देवी श्रेष्ठ |
| सदस्य | कृष्णराज बराल | सदस्य | तुलसी चम्लागाई |
| सदस्य | कुल प्रसाद पराजुली | सदस्य | बलवीर श्रेष्ठ |
| सदस्य | श्रीनारायण बराल | सदस्य | कृष्णराज बराल |
| सदस्य | हेममणि आचार्य | सदस्य | राम नारायण श्रेष्ठ |
| सदस्य | कमल अधिकारी | सदस्य | नरेश श्रेष्ठ |

| धुसेनी गा.वि.स. जाने टोली | | | |
|---|---|---|---|
| संयोजक | नर बहादुर कार्की | सदस्य | होम बहादुर कार्की |
| सदस्य | लक्ष्मण ढुङ्गेल | सदस्य | करनदल लिम्बु |
| सदस्य | देवेन्द्र लिम्बु | सदस्य | हेममणि प्रधान |
| सदस्य | खविरसिंह लिम्बु | सदस्य | चन्द्र लिम्बु |
| सदस्य | राम राना | सदस्य | भीम खनाल |
| सदस्य | कृष्ण बाँस्तोला | सदस्य | कृष्ण कार्की |
| सदस्य | तारा चन्द्र शर्मा | सदस्य | पदम खनाल |
| सदस्य | मेघ प्रसाद चम्लागाई | | |

| शान्तिडाँडा गा.वि.स. जाने टोली | | | |
|---|---|---|---|
| संयोजक | कृष्ण बहादुर कार्की | सदस्य | भीमलाल खनाल |
| सदस्य | राम राना | सदस्य | तारा चन्द्र शर्मा |
| सदस्य | कृष्ण बाँस्तोला | सदस्य | प्रकाश चन्द्र खनाल |
| सदस्य | पदम खनाल | सदस्य | मेघ प्रसाद चम्लागाई |

## हाल मंगलबारे बहुमुखी क्याम्पस, क्याम्पस सञ्चालक समिति

१) अध्यक्ष - श्री भीमलाल खनाल

२) उपाध्यक्ष - श्री हेम मणि प्रधान

३) सचिव (क्याम्पस प्रमुख) - श्री भूमि प्रसाद सुवेदी

४) सदस्य - श्री मेघ प्रसाद चम्लागाई

५) सदस्य - श्री कृष्णराज बराल

६) सदस्य - श्री सुर्य प्रसाद पोखरेल

७) सदस्य - श्री कुल प्रसाद पराजुली

८) सदस्य - श्री कृष्ण प्रसाद बास्तोला

९) सदस्य - श्री देवि प्रसाद गौतम

१०) सदस्य - श्री कृष्ण बहादुर कार्की

११) सदस्य - श्री विष्णु कुमार श्रेष्ठ

१२) सदस्य - श्री राजेन्द्र बास्तोला

१३) सदस्य - श्री मुना देवि श्रेष्ठ

१४)सदस्य - श्री इन्द्र बहादुर राई

१५)सदस्य (स.क्या प्रमुख) - श्री नेत्र प्रसाद नेपाल

१६)सदस्य (विभागिय प्रमुख) - श्री पुण्य प्रसाद मैनाली

१७)सदस्य (विभागिय प्रमुख) - श्री नविन प्रसाद आचार्य

१८)सदस्य (त्रि.वि.प्रतिनिधि) - श्री सन्तोष पराजुली

१९)सदस्य (प्राध्यापक प्रतिनिधि)- श्री तेज प्रसाद बास्तोला

२०)सदस्य (कर्मचारी प्रतिनिधि) - श्री पृष्पलाल खनाल

२१)सदस्य (विद्यार्थी प्रतिनिधि) - श्री प्रवेश पराजुली

**भूतपूर्व विद्यार्थी मञ्च मंगलबारे बहुमुखि क्याम्पस समिति**

अध्यक्ष : अम्बिका प्रसाद घिमिरे

उपाध्याक्ष : सविता अधिकारी

सचिव : सन्तोष मगर

स-सचिव :विपिन कार्की

कोषाध्य : सोमनाथ सुवेदी

सदस्यहरु

सन्तोषकुमार राई

अनु राई

रञ्जना आचार्य

मणी राई

दिपेन्द्र बुढाथोकी

योगेन्द्र खनाल

इन्द्रमणी कट्टेल

सुष्मा राना मगर

## अनुसूची ४

## अतिरिक्त क्रियाकलाप





## आन्तरिक परीक्षा





## वृक्षारोपण तथा सरसफाइ कार्यक्रम





## विद्यार्थी तथा शिक्षकहरु

